# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २८४ | काठमाडौं | शनिबार, २६ माघ २०८१ | Prabhab National Daily | Saturday, February 08, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।



प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com




अछामको साँफेबगर नगरपालिका–७ रिडिकोटमा बसाइसराइँको कारण जीर्ण बनेका घरहरू । गुणस्तरीय शिक्षा, स्वास्थ्य र भौतिक सुविधाको खोजीमा पहाडी क्षेत्रबाट तराईमा बसाइसराइँको क्रम बढ्दा पहाडका गाउँहरू रित्तिएका छन् । *तस्बिरः सुशील भण्डारी/रासस*

# ‘मुक्कुम्लुङमा स्थानीयको माग सुन्नुपर्छ’

- केबलकार बनाउँदा स्थानीय परम्परा र संस्कृतिको सम्मान हुनुपर्ने कांग्रेस प्रवक्ता डा. महतको जोड
- आन्दोलनरत पक्षका जायज गुनासालाई सरकारले सम्बोधन गर्नुपर्ने भनाइ

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** नेपाली कांग्रेसका प्रवक्ता डा. प्रकाशशरण महतले ताप्लेजुङको मुक्कुम्लुङ (पाथीभरा) क्षेत्रमा केबलकार निर्माणको विषयमा स्थानीयको गुनासालाई सम्बोधन गर्नुपर्ने बताएका छन् । शुक्रबार संघीय संसद् भवनमा सञ्चारकर्मीसँग कुराकानी गर्दै महतले केबलकार बनाउँदा स्थानीय परम्परा र संस्कृतिको सम्मान हुनुपर्ने बताएका हुन् ।

महतले यस विषयमा सरकारले शान्तिपूर्ण तवरले समस्या समाधान गर्नुपर्ने सुझाव दिए । ‘पाथीभराको जुन अत्यन्तै पवित्र तीर्थस्थल छ, त्यहाँका आदिवासी जनजाति, किराँत सबैको पवित्रस्थल हो । समग्र सनातन धर्मावलम्विहरूको तीर्थस्थल हो । त्यहाँ अत्यन्तै सुन्दर धार्मिक पर्यटकीय धार्मिक स्थल छ । त्यसमा बढीभन्दा बढी पर्यटक पुग्न सकून् र सबैले माताको आशीर्वाद लिन सकून् भन्ने हामी सबैको अपेक्षा छ,’ उनले भने ।

मुक्कुम्लुङका केबलकारको विषयले उत्पन्न विवादका सबै कुरा शान्तिपूर्ण संवादको माध्यमबाट टुंग्याउनुपर्नेमा उनले जोड दिए । ‘आन्दोलनरत पक्षका जायज गुनासालाई सरकारले सम्बोधन गर्नुपर्छ,’ प्रवक्ता महतले भने ।

## कर्मचारीस्तरीय टोलीसँग वार्ता नगर्ने घोषणा

**काठमाडौं (प्रस)–** यता मुक्कुम्लुङ संरक्षण संयुक्त संघर्ष समितिले सरकारले गठन गरेको कर्मचारीस्तरीय वार्ता समितिसँग छलफल नगर्ने घोषणा गरेको छ । समितिले शुक्रबार विज्ञप्ति जारी गर्दै कर्मचारीस्तरको सरकारी वार्ता समितिसँग छलफल नगर्ने जनाउँदै मन्त्रीस्तरीय वार्ता समिति माग गरेको हो ।

सरकारी वार्ता टोली र समितिबीच गत २२ गते एक चरणको वार्ता भई छ बुँदे सम्झौता भएको थियो । अर्को वार्ता माघ २७ गते तय भएकोमा समितिले विज्ञप्ति जारी गरी गृह मन्त्रालयका सहसचिवको नेतृत्वमा बनेको समितिसँग वार्ता नगर्ने भनेको हो । मन्त्रीस्तरीय वार्ता समितिसँग मात्र छलफलमा बस्ने संघर्ष समितिले प्रस्ट पारेको छ । माघ २२ गते भएको सहमतिअनुसार आन्दोलनका क्रममा थुनामा रहेका सम्पूर्ण बन्दीहरूलाई विनासर्त तत्काल रिहाइ गर्ने उल्लेख भए पनि ताप्लेजुङका प्रदीप मादेनलाई १० हजार तथा चन्द्रसागर लिम्बू र लक्ष्मण लिम्बूलाई प्रतिव्यक्ति पाँच-पाँच हजार क्रमशः पृष्ठ २ मा

# उपेन्द्रको अडानले अड्कियो अध्यादेश



- जसपा अध्यक्ष उपेन्द्र यादवले प्रधानमन्त्री केपी ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग मधेस प्रदेशको मुख्यमन्त्रीसँगै संघमा एक मन्त्रालय मागेका छन्
- मधेसमा अहिले जनमत पार्टीका सतिशकुमार सिंह मुख्यमन्त्री छन् । लोसपाबाट शरतसिंह भण्डारी संघीय मन्त्री छन् । जसका मधेसवादी दल असन्तुष्ट हुँदा उपेन्द्रसमेत अलमलमा छन्





■ **प्रभाव संवाददाता**

**काठमाडौं–** बिहीबारको प्रतिनिधिसभा बैठकमा सरकारले हालै ल्याएको अध्यादेश स्वीकृतिका लागि पेस गर्ने कार्यतालिका बनाएको थियो । तर शुक्रबारको बैठकमा पनि सरकारले छ अध्यादेश स्वीकृतिका कार्यसूची तय गर्न सकेन ।

प्रतिनिधिसभामा बिहीबार निर्णयार्थ पेस हुने कार्यसूची समय अभावका कारण हटाएको सत्तारुढ दल नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौलाले बताए । ‘आज (शुक्रबार) बैठकमा अध्यादेशलाई निर्णायर्थ पेस गर्ने भन्ने थियो । ५१ जनाले यसमा अस्वीकारको प्रस्ताव दर्ता गर्नुभएको छ । यसमा छलफल गर्दा पाँच घण्टा जति लाग्ने देखिएकोले पेस हुन सकेन,’ बर्तौलाले भने ।

शुक्रबारको बैठकमा प्राविधिक कारण अध्यादेश पेस हुन नसकेको कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतको दाबी छ । ‘प्राविधिक कारणले यो पेस नभएको हो । पेस गरेर छलफलका लागि अगाडि बढाउने कुरा थियो, भएन । तर यो रोकिँदैन,’ महतले भने ।

अध्यादेश देशकै हितमा रहेकोले यसको विरोध अनावश्यक भएको महतको दाबी रहृयो । ‘राम्रो छ भनेर जगजाहेर छ । लगानीकर्ताले भनेका छन् । विपक्षीको त विरोध गर्ने धर्म नै हो । जतिसक्दो लगानी भित्र्याउन अध्यादेश आवश्यक छ,’ महतले भने । सरकारले ल्याएको छ अध्यादेश पारितका लागि प्रतिनिधिसभामा सत्तारुढ दलसँग बहुमत छ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# वैदेशिक रोजगार मुद्दाका ९३ मेलमिलापकर्ताले लिए शपथ




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगार कसूर मुद्दामा मेलमिलापकर्ताको जिम्मेवारी प्राप्त गरेका ९३ जना कानुन व्यवसायी तथा मेलमिलापकर्ताले शपथ लिएका छन् । वैदेशिक रोजगार न्यायाधीकरणले शुक्रबार यहाँ आयोजना गरेको कार्यक्रममा न्यायाधीकरणका अध्यक्ष गोकर्ण डाँगीले उनीहरूलाई शपथ गराएका हुन् ।

न्यायाधीकरणले गत पुस १ गते सोसम्बन्धी कसूर मुद्दामा मेलमिलापकर्ताका रूपमा काम गर्न सूचीकृत भएका कानुन व्यवसायी तथा मेलमिलापकर्ताको टुंगो लगाएको थियो । वैदेशिक रोजगारीमा हुने संस्थागत र व्यक्तिगत ठगीसम्बन्धी मुद्दाको फैसला (वैदेशिक रोजगार विभागबाट सजाय हुने भनी लेखिएकाबाहेक) न्यायाधीकरणबाट हुँदै आएको छ ।

इजाजतपत्र विना वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेमा, इजाजतपत्रवालाले स्वीकृति नलिई कामदार विदेश पठाएमा, नाबालिगलाई वैदेशिक रोजगारमा पठाएमा, सरकारले खुला नगरेका मुलुकमा कामदार पठाएमा, लिखत वा प्रतिवेदन लुकाएमा वा हेरफेर गरेमा तथा इजाजत पत्रवालाले व्यक्तिगतरूपमा कामदार पठाएर गठी गरेको मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार क्षेत्र यस न्यायाधीकरणको रहेको छ ।

क्रमशः पृष्ठ २ मा

### साउदीस्थित नेपाली दूतावासको आग्रह

# ‘अलिन्मा बैंकको चेक यथाशीघ्र फिर्ता पठाउनू’




**काठमाडौं (प्रस)–** साउदी अरेबियास्थित नेपाली दूतावासले मोहम्मद अल-मोजिल ग्रुप अफ कम्पनीबाट चेक प्राप्त गरेका नेपाली कामदारहरूलाई उक्त सक्कल चेक फिर्ता पठाउन आग्रह गरेको छ । दूतावासले बिहीबार एक जरुरी सूचना जारी गरी टाट पल्टिएर बन्द भएको उक्त कम्पनीबाट नेपाली कामदारले पाउनुपर्ने भुक्तानीबापत अलिन्मा बैंकको चेक दिइएकोमा नेपालमा नसाटिएका कारण कम्पनीलाई नै फिर्ता गर्न लागिएको जानकारी दिएको छ ।

दूतावासका अनुसार कम्पनी टाट पल्टिएपछि त्यहाँ काम गर्ने नेपाली कामदाहरूले काम गरेबापत सो कम्पनीबाट पाउनुपर्ने तलब तथा अन्य सुविधा भुक्तानीका लागि सो कम्पनीले सम्बन्धित कामदारलाई साउदी अरेबियाको अलिन्मा बैंकको चेक पठाएको थियो । तर उक्त बैंकका चेक नेपालमा नसाटिएको जानकारी गराउँदै सहयोगका केही नेपाली कामदारले दूतावाससँग सहयोग मागेका थिए ।

‘सो सम्बन्धमा यस राजदूतावासले उक्त कम्पनीसँग सम्पर्क गर्दा संलग्न लिस्टमा रहेका १४५ जना नेपाली कामदारलाई उनीहरूले पाउनुपर्ने रकम भुक्तानीका लागि सो बैंकको चेक पठाइएको जानकारी गराएको छ,’ दूतावासले भनेको छ, ‘नेपाली कामदार हरूले पाएको चेक नेपालमा नसाटिएको जानकारी गराइ रकम भुक्तानीमा सहजीकरण गर्न उक्त कम्पनीलाई अनुरोध गरिएकोमा कम्पनीसँगको निरन्तर छलफल र ताकेतापछि कम्पनीले ती चेकहरू सक्कलै फिर्ता लिई रकम सीधै कामदारको बैंक खातामा ट्रान्सफर गर्न र थप कामदारको रकम पनि सोही माध्यमबाट भुक्तानी गर्न बैंकलाई आग्रह गर्ने कुरा बताएको छ ।’

आफूले पाउनुपर्ने रकम भुक्तानीका लागि साउदी अरबियाको बष्लिब अलिन्मा बैंकको चेक प्राप्त गरेका नेपाली कामदारहरूले कन्सुलर सेवा विभागमार्फत सक्कल चेक दूतावासमा पठाउनु आग्रह गरिएको छ ।




पृष्ठ १ बाट क्रमशः

## उपेन्द्रको...

यसैले पनि सत्तारुढ दल नेपाली कांग्रेस र एमालेले बिहीबार नै आफ्ना सांसदहरूलाई अध्यादेश पेस गर्ने बेला अनिवार्य उपस्थित हुन ह्विप जारी गरेको थियो । विपक्षी दलहरूले भने अध्यादेशमाथि ५१ वटा अस्वीकारको प्रस्ताव दर्ता गरेका छन् । ती प्रस्तावमा नियमावलीअनुसार छलफल गरी समूहगत रूपमा निर्णयार्थ प्रस्तुत गर्नुपर्ने हुन्छ ।

चालु हिउँदे अधिवेशनको पहिलो दिन यही १८ माघमा सरकारले सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश-२०८१, सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश-२०८१, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश-२०८१, निजीकरण (पहिलो संशोधन) अध्यादेश-२०८१, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश-२०८१ र भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश-२०८१ बैठकमा पेस गरेको थियो ।

### रोकिनुको मुख्य कारण उपेन्द्र यादव

सत्तारुढ दलका नेताहरूले प्राविधिक कारण अध्यादेश रोकिएको भने पनि जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवका कारण पेस हुन नसकेको नेकपा माओवादी केन्द्रका सांसद लेखनाथ दाहालले बताए । 'सबै अध्यादेश आजै पेस हुने भन्ने थियो । तर जसपासँग लेनदेनको कुरा मिलेको छैन भन्ने कुरा आएको छ,' दाहालले शुक्रबारको बैठकमा भने, 'मुख्यमन्त्रीमा सत्ता लेनदेन गर्ने तयारी जसपाले गर्नुहुँदैन र गर्न हुन्न भन्ने हामीलाई विश्वास छ ।'

राष्ट्रियसभामा सत्तारुढ दलको बहुमत छैन । यहाँ अध्यक्षसहित ५९ जना सांसद छन् । बहुमतका लागि ३० सांसदको समर्थन चाहिन्छ । हाल राष्ट्रियसभामा अध्यादेशको पक्षमा कांग्रेसका १६, एमालेका १०, मनोनीत दुई र लोसपाका एक गरी २९ सांसद छन् । जसपा नेपालसँग तीन मत रहेको र अध्यादेशको पक्षमा जसपा उभिए ३२ जना हुने र बहुमत पुग्ने देखिन्छ । पौडेलका अनुसार जसपा अध्यक्ष यादवले अध्यादेशको पक्षमा मत दिनेगरी बालुवाटारमा प्रधानमन्त्री केपी शर्मा ओलीसँग सम्झौता गरे पनि बानेश्वर आइपुग्दा भाँडिएको तर्क गरे । 'बालुवाटारमा सहमति भइसकेको थियो रे ! बानेश्वर आइपुग्दा जसपा मत नहाल्ने पक्षमा पुगेछ । अध्यादेश ठीक छैन भन्ने कुरा यहीबाट पुष्टि हुन्छ,' सांसद दाहालले भने ।

### आइतबार स्वीकृत हुने संकेत

अध्यादेश आइतबार वा सोमबार पेस गर्ने गरी अघि बढ्ने सत्तारुढ दलको दाबी छ । जसपा अध्यक्ष यादवले प्रधानमन्त्री ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग मधेस प्रदेशको मुख्यमन्त्रीसँगै संघमा एक मन्त्रालय माग गरिरहेका छन् । मधेसवादी दलहरू जनमत पार्टी र लोकतान्त्रिक समाजवादी पार्टी सन्तुष्ट छैनन् । मधेसमा अहिले जनमत पार्टीका सतिशकुमार सिंह मुख्यमन्त्री छन् । लोसपाबाट शरतसिंह भण्डारी संघीय मन्त्री छन् । जसका कारण यी दुई दल उपेन्द्रसँगको सहमतिमा सन्तुष्ट देखिन्न । यसअघि मधेसवादी दलले आठ दलीय मोर्चा गठन गरेको थियो । यो मोर्चामा महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी, राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी नेपाल, डा. सिके राउत नेतृत्वको जनमत पार्टी, रेशम चौधरी नेतृत्वको नागरिक उन्मुक्ति पार्टी, वृषेशचन्द्र लालको तराई मधेस लोकतान्त्रिक पार्टी र हृदयश त्रिपाठीको जनता प्रगतिशील पार्टी नेपाल रहेको थियो ।

ओलीले उपेन्द्रलाई संघीय मन्त्री दिएर अध्यादेश स्वीकृति गराउने गरी वार्ता जारी राखेको बताइएको छ । प्रतिनिधिसभा हुँदै राष्ट्रिय सभाबाट स्वीकृत भएमा सरकारलाई प्रतिस्थापन विधेयक ल्याउने बाटो खुल्ने छ । प्रतिस्थापन विधेयक संसद् अधिवेशन सुरु भएको मितिको ६० दिनभित्र दुवै सदनबाट पारित भएर राष्ट्रपतिबाट प्रमाणीकरण भइसक्नुपर्ने संवैधानिक व्यवस्था छ । तर, सुरुमै अस्वीकृत भएमा अध्यादेश स्वतः निष्क्रिय हुने छ । यसका लागि माओवादीसहितका विपक्षी दलहरूको जोडबल अझैसम्म छ । तर, जसपा नेपालसमेत अध्यादेशको पक्षमा उभिए अध्यादेश अघि बढ्ने सम्भावना छ ।

■■■

## वैदेशिक...

गत आर्थिक वर्ष २०८०/८१ मा दर्ता भएका कूल ३८१ मुद्दामध्ये २२९ फैसला भएका र त्यसमध्ये ५४ वटा मेलमिलापबाट टुंग्याइएको न्यायाधीकरणका रजिस्ट्रार दिनेश आचार्यले जानकारी दिए । चालु आवको पुस मसान्तसम्म गत आवको जिम्मेवारी सरेको १५२ र नयाँ दर्ता भएका ९९ मुद्दामध्येबाट ९० वटा फैसला भएका र त्यसमा २८ वटा मिलापत्रबाट टुंगिएको न्यायाधीकरणले जनाएको छ । रजिस्ट्रार आचार्यले पीडक र पीडितबीच मेलमिलाप गराएर शीघ्र न्याय दिलाउने र सबैलाई जितको भावना दिलाउने वातावरण बनाउनु मेलमिलापकर्ताको दायित्व रहेको बताए ।

■■■

## कर्मचारीस्तरीय...

रूपैयाँ धरौटीमा ससर्त रिहा गरेकोमा समितिको असन्तुष्टि छ । आफ्नो मागलाई सम्बोधन नगरे माघ २८ बाट सशक्त आन्दोलन गर्ने चेतावनी समितिको छ । 'सरकारले वार्तामा चासो नदेखाई मुक्कुम्लुङ आन्दोलनलाई उपेक्षा गर्ने वा दमनकारी नीति अवलम्बन गर्ने प्रयास गरेमा सम्बद्ध संस्था तथा राजनीनितक दलहरूले २८ गते सशक्त आन्दोलन गर्ने जानकारी गराउँदछौं,' विज्ञप्तिमा भनिएको छ ।


### मोटरसाईकल हरायो

मिति २०८१/१०/१४ गते, अन्दाजी दिउँसो ०५:०० बजे पछि ललितपुर जिल्ला, ललितपुर मा.न.पा ०३, दमकलमोडमा पार्किङ्ग गरेको अवस्थामा रहेको मोटरसाईकल नं. बा.प्र.०२-०५१ प ४०९७, रातो कालो रङ्गको बजाज कम्पनीको पल्सर २२० सीसी, च्यासिस नं. MD2A13EX3RCB80771 ईन्जिन नं. DKXCRA16769 भएको मो.सा. हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न सम्पर्क नम्बरमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम : गोबिन्द गौतम
सम्पर्क : ९७०८२३८३२१


## कानुन व्यवसायी परिषद्को पार्षद् चुन्न आज निर्वाचन

**काठमाडौं (प्रस)**– कानुन व्यवसायीको अनुगमन र नियमन गर्ने संस्था नेपाल कानुन व्यवसायी परिषद्को पार्षद्का लागि आज सातै प्रदेशमा निर्वाचन हुँदै छ । परिषद्को ऐन, २०५० मा प्रत्येक प्रदेशमा कानुन व्यवसाय गर्ने वरिष्ठ तथा अधिवक्ताहरूको निर्वाचन मण्डलबाट एक जनाका दरले सात प्रदेशबाट प्रतिनिधित्व गर्ने पार्षद्हरूको चयन गर्नुपर्ने व्यवस्थाअनुसार शनिबार निर्वाचन हुन लागेको हो ।

बागमती प्रदेशको मतदान आज बिहान १० बजेदेखि अपहराह्न ४ बजेसम्म सर्वोच्च अदालतपरिसरमा निर्वाचन हुने छ । बागमती प्रदेशका पार्षद् डा. चन्द्रकान्त ज्ञवालीका अनुसार मुलुकभर परिषद्को पार्षद् छनोटका लागि ११ हजार मतदाताले मतदान गर्न पाउने छन् । बागमतीमा मात्रै आठ हजार २०० मतदाता रहेका जनाउँदै उनले परिषद्बाट हालसम्म ३१औं परीक्षाबाट पास भएका सम्पूर्ण कानुन व्यवसायीले मतदान गर्न पाउने उल्लेख गरे ।

बागमती प्रदेशका लागि प्रगतिशील, पेसागत, देशभक्त, समावेशी समूहका साझा उम्मेदवार वरिष्ठ अधिवक्ता रविनारायण खनाल र नेपाल डेमोक्रेटिक लयर्स एसोसिएसनका वरिष्ठ अधिवक्ता पर्शुराम कोइरालाले उम्मेदवारी दिएका छन् ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७७/१२/२५ मा दर्ता भएको **राष्ट्रिय बहुउद्देश्यीय अर्गानिक कृषि उत्पादक प्रा.लि. (प्रा.लि. नं. २६१५८६)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७१/११/११ मा दर्ता भएको **सुप्रिम स्कील डेभलपमेन्ट ट्रेनिङ्ग सेन्टर प्रा.लि. (प्रा.लि. नं. १४५६१९)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**हक दावी गर्न आउने बारेको ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०७९/०६/०६ मा दर्ता भएको प्रा.लि.नं.२९९८३० को **आर.एफ.सी टेक्नोलोजीज प्रा.लि.**नामक कम्पनीले दर्ता खारेज गरिपाऊ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाणसहित हक दावीको लागि ३५ (पैतिस) दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र **हक दावी** गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

### साउदीमा रोजगार

कम्पनी : AKMAL KHALAF AL SHAMMARI BARBER SHOP

पूर्व स्वीकृति मिति : २०८१/१०/२३ LT. No. 318280 चलानी नं. ६०२३२४८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 1 | 0 | 1000 | ३७,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन ३ गते (15th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**G.R. Manpower Service Pvt. Ltd.**
Samakhusi- 26, Kathmandu, Nepal. Tel : +977-1-4355695 E-mail: grmanpower861@gmail.com
श्रम इजाजत नं. ८६१/०६६/०६७

### साउदी/युएइमा रोजगार

कम्पनी : FIRST GULF COMPANY FOR MAINTENANCE AND CLEANING

पूर्व स्वीकृति मिति : २०८१/१०/२४ LT. No. 318390 चलानी नं. ६०२३२५९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 10 | 0 | 1000 | ३७,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Office and Facilities Cleaning Worker | 5 | 0 | 1000 | ३७,२६५ | | | | | | | |

कम्पनी : PEIKKO GULF LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/२४ LT. No. 318365 चलानी नं. ६०२३२५९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fabricators | 4 | 0 | 1400 | ५३,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Welder | 4 | 0 | 1400 | ५३,२७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन ३ गते (15th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**D.G. OVERSEAS PVT LTD**
MR Complex 3rd Floor, Ratopool-07, Kathmandu, Tel : +977-1-4534062, 4534063
E-mail : info@dgoverseasnepal.com, dgoverseaspvtltd@gmail.com, Web: www.dgoverseasnepal.com
श्रम इजाजत नं. १७१९

### MAURITIUS मा रोजगार

कम्पनी : Asmak Co Ltd

पूर्व स्वीकृति मिति : २०८०/१२/१८ पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/२४ LT. No. 302834 चलानी नं. ६०२१७७२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cold Room Attendant | 40 | 0 | 16500 | ४९,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Packing Machine Operators | 21 | 0 | 16500 | ४९,३८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २ गते (14th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 302834 मिति: २०८१/१०/२५ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**GRACE OVERSEAS PVT. LTD.**
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८१/१०/२६**

यस कम्पनीको मिति २०८१/०८/०७ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **ट्रिप टु एभरेष्ट प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **नवीन ट्रेक्स एण्ड एडभेन्चर्स प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/१०/०९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **नवीन ट्रेक्स एण्ड एडभेन्चर्स प्रा.लि.** (प्रा.लि.नं.१४६७७०) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८१/१०/२६**

यस कम्पनीको मिति २०८१/०५/१० मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **डिलिजेन्ट फार्मेसी प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **डिलिजेन्ट मेडिहेल्थ प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०५/१९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **डिलिजेन्ट मेडिहेल्थ प्रा.लि.** (प्रा.लि.नं.३०३२७७) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

### महद ट्रेनिङ प्रा.लि. लाई खारेज गर्ने सम्बन्धमा लिक्वीडेटरको सूचना

**मिति २०७४/०१/१९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौमा दर्ता भएको माहद ट्रेनिङ प्रा.लि.नं.१६७८१४/०७३/०७४ को २०८१ साल माग २५ गते सम्पन्न विशेष साधारण शभाको निर्णय अनुसार यस कम्पनीलाई कम्पनी ऐन, २०६३ को दफा १२६ अनुसार खारेज (लिक्वीडेसन) मा लैजाने प्रस्ताव पारित भएकोले कम्पनी ऐन, २०६३ अर्न्तगत रहि कम्पनीको खारेजी (लिक्वीडेसन) प्रक्रिया शुरु गरिएको छ । तसर्थ कम्पनीले तिर्न व्यहोर्न पर्ने ऋण वा अन्य दायित्व व्यहोर्न पर्ने भए वा कोही कसैसंग कुनै लेनदेन बाकी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र तल उल्लेखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।**

**कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था वमोजिम कम्पनीको दायित्व भुक्तान गरि जायजेथा, सम्पति वाकि रहेमा वाकि रहने जाय जेथा सम्पति लिएको शेयरको अनुपातमा कम्पनीका शेयरधनीहरुलाई बँडिने हुनाले तोकिएको म्याद भित्र दावी नगरेमा पछि कसैको कुनै प्रकारको दावी नलाग्ने व्यहोरा समेत सबैको जानकारीको लागी सूचित गरिन्छ ।**

**लिक्वीडेटरको कार्यालय**
लिक्वीडेटर अधिबक्ता :- कुमार निरौला
ईजाजत न. :-४९६ मिती २०७८/०९/१६
फोन नं. ९८५१००५१८५
काठमाण्डौ महानगरपालीका वडा न.३२, बानेश्वर
email: kumaruntre@gmail.com

अरिहन्त मल्टिफाईवर्स लिमिटेड
सोनापुर, सुनसरीको

### वार्षिक साधारण सभा बस्ने सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१।१०।१३

शेयरधनी महानुभावहरु,

यस **अरिहन्त मल्टी फाईवर्स लिमिटेड**को सञ्चालक समितिको मिति २०८१।१०।०३ मा बसेको बैठकको निर्णयानुसार कम्पनीको आ.व.२०८०।८१ को वार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८१।११।०४ गते आइतबार (तदनुसार १६ फेब्रुअरी २०२५)
समय : बिहान ११:०० बजे
स्थान : कम्पनीको मुख्य कार्यालय, बिराटनगर

**छलफलका प्रस्तावहरु:**

**(क) साधारण प्रस्तावहरु:**

१. संचालक समितिले तयार गरेको आर्थिक वर्ष २०८०।८१ वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको ३१ आषाढ २०८१ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।
३. चालु आर्थिक वर्ष २०८१।८२ का लागी लेखा परिक्षकको नियुक्ती र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
४. कम्पनी ऐनको दफा ७८ को प्रतिवेदन सम्बन्धमा ।
५. चन्दा उपहार खर्चको अनुमोदन सम्बन्धमा ।
६. संचालक समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।
७. विविध ।

**(ख) विशेष प्रस्तावहरु:**

१. कम्पनीको पुँजी वृद्धि गर्ने सम्बन्धमा ।
२. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**शनिबार, २६ माघ, २०८१**

| राशि | फल |
|---|---|
| मेष | आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव । |
| वृष | दिगो कामको जग बसाउन सकिने छ । |
| मिथुन | रमाइलो जमघटमा सहभागी बन्ने अजसर । |
| कर्कट | व्यस्तताले शरीरमा कमजोरी पना आउने । |
| सिंह | विषेश अवस प्रप्त हुनले मन प्रफुल्ल हुने । |
| कन्या | साथिभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुने । |
| तुला | नयाँ अवसर साथै भौतिक सुख जुट्ने छ । |
| वृश्चिक | तत्काल फाइदाले परिस्थिति बिग्रने छ । |
| धनु | स्रोतसाधन जुट्नाले लगानिमा उत्साहा आउने । |
| मकर | नयाँ काम थालनी गर्ने अवसर मिल्ने छ । |
| कुम्भ | सुखद् समाचारले उत्साह जगाउन छ । |
| मीन | आम्दानीको स्रोत भएपनि खर्च बढ्ने छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| विशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२६ माघ, २०८१ (०८ फेब्रुअरी, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३८.२८ | १३८.८८ |
| युरो | १ को | १४३.४८ | १४४.१० |
| पाउन्ड स्टिर्लङ | १ को | १७१.६० | १७२.३४ |
| स्विस फ्रैन्क | १ को | १५१.८२ | १५२.४८ |
| अस्ट्रेलियन डलर | १ को | ८५.८९ | ८६.२६ |
| क्यानाडियन डलर | १ को | ९५.४१ | ९५.८२ |
| सिङ्गापुर डलर | १ को | १०१.८९ | १०२.३३ |
| जापानी येन | १० को | ८.९४ | ८.९८ |
| चिनियाँ युआन | १ को | १९.०७ | १९.१५ |
| साउदी अरब रियाल | १ को | ३६.८७ | ३७.०३ |
| कतारी रियाल | १ को | ३७.९३ | ३८.०९ |
| थाई भाट | १ को | ४.११ | ४.१३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.६५ | ३७.८१ |
| मलेसियन रिङेट | १ को | ३१.०४ | ३१.१७ |
| दक्षिण कोरियन वन | १०० को | ९.५३ | ९.५७ |
| स्विडिस क्रोनर | १ को | १२.५० | १२.५५ |
| डेनिस क्रोनर | १ को | १९.२३ | १९.३१ |
| हङकङ डलर | १ को | १७.७४ | १७.८२ |
| कुवेती दिनार | १ को | ४४८.१९ | ४५०.१३ |
| बहराइन दिनार | १ को | ३६६.८१ | ३६८.४० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**घोडामा चामल** | दाङको घोराही उपमहानगरपालिका–६ स्थित लख्वारबाट घोडालाई बोकाएर घोराही बजारमा चामल बिक्री गर्न आएका किसान । *तस्बिरः कुलदीप न्यौपाने/रासस*

# नेपाली एकल महिलाको मुद्दा राष्ट्रसंघीय 'सिड' कमिटीमा प्रवेश



काठमाडौं (प्रस)- संयुक्त राष्ट्रसंघको महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिसम्बन्धी 'सिड' कमिटीको बैठकमा नेपाली एकल महिलाको न्यायसम्बन्धी विषयले प्रवेश पाएको छ । स्विटजरल्यान्डको जेनेभामा सम्पन्न 'सिड' कमिटीको ९०औं बैठकमा राष्ट्रिय मानवअधिकार आयोगकी सदस्य एवं मानवअधिकारका लागि महिला, एकल महिला समूहकी संस्थापक अध्यक्ष डा. लिली थापाले उक्त विषय प्रवेश गराएकी हुन् ।

उनले सीमान्तकृत समुदायका महिलाको न्यायमा पहुँच पुऱ्याउन चुनौती रहेको उल्लेख गर्दै सो महासन्धिमा भएका प्रावधानलाई कार्यान्वयन गरी थप प्रगति हासिल गर्न नेपाल सरकारसँगसमेत आग्रह गरिन् । आयोगकी सदस्य डा. थापाले नेपालमा महिला अधिकारको प्रवर्द्धनमा भएको प्रगतिलाई सकारात्मक मूल्यांकन गर्दै कानुनी संरचनामा अझै सुधार आवश्यक रहेको धारणा व्यक्त गरिन् ।

आमाको नामबाट नागरिकता प्राप्त गर्न अझै जटिलता रहेको जनाउँदै विधवा महिलाको सामाजिक न्यायको संवैधानिक हक प्राप्तिमा चुनौती रहेको र एकल महिला सुरक्षाकोष स्थानीयकरण तथा कार्यान्वयन हुन नसकेकाले अधिकांश एकल महिला सुरक्षाकोषबाट सहयोग लिन वञ्चित भएको विषयवस्तु उजागर गरी विश्व समुदायको ध्यानाकर्षण गरको उनले जानकारी दिइन् ।

यसैगरी, एकल महिला सुरक्षाकोषको यथाशीघ्र कार्यान्वयनका लागि राज्य गम्भीर हुनुपर्ने विषय बैठकसहित मुलुकका विभिन्न जातजाति, क्षेत्र, वर्ग, लिंगलगायतका क्षेत्रमा हुने गरेका सबै प्रकारका विभेद अन्त्यका लागि व्यवस्था गरिएका संवैधानिक प्रतिबद्धतालाई व्यवहारमा लागू गर्नुपर्ने मुद्दा उठाइको उनले बताइन् । एकल महिला समूहले करिब तीन दशकदेखि नेपालमा एकल महिलाको हकअधिकार, न्याय, सहभागिता अभिवृद्धि, लैंगिक समानता, मानवअधिकार, शान्ति तथा न्याय र मानवीय सहयोगको क्षेत्रमा काम गर्दै आएको मानवअधिकारका लागि महिला, एकल महिला समूहद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ ।

# अध्ययन संस्कृतिको विकासमा राज्यको सक्रिय सहभागितामा जोड



**काठमाडौं (प्रस)–** पठन संस्कृतिको प्रवर्द्धन गर्न तथा पुस्तकालयको दिगो विकास र संरक्षणमा राज्यको सक्रिय सहभागिता हुनुपर्नेमा सरोकार भएकाहरूले जोड दिएका छन् । काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय समाजको २१औं वार्षिक साधारणसभाका अवसरमा शुक्रबार यहाँ आयोजित समारोहमा सहभागीले पुस्तकालयको संरक्षण, व्यवस्थापन, अध्ययन संस्कृतिको प्रवर्द्धनमा राज्य तथा स्थानीय तह लाग्नुपर्नेमा जोड दिएका हुन् ।

कार्यक्रममा काठमाडौं महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोलले पुस्तकालय अध्ययनशील समाज निर्माणको आधार भएकाले यसको संरक्षण, व्यवस्थापन, प्रवर्द्धनमा महानगरले आवश्यक सहयोग गर्ने बताइन् । उनले भनिन्, 'पढ्ने बानी बसाल्न पुस्तकालयको महत्त्वपूर्ण भूमिका हुन्छ । अध्ययनशील समाज नै समृद्ध समाज हो । पुस्तकालयले सबैलाई पढ्ने वातावरण दिन सक्छ ।'

महानगरका साथै प्रत्येक वडा र विद्यालय तहबाट अध्ययन संस्कृतिको विकास गर्न सामुदायिक अध्ययन केन्द्रहरूको प्रवर्द्धनमा जोड दिइएको डंगोलले उल्लेख गरिन् । उनका अनुसार महानगरले पुस्तकालय व्यवस्थापन तथा संरक्षणमा विशेष ध्यान दिँदै चालु आर्थिक वर्षमा एक करोड बजेट व्यवस्था गरेको छ । साथै सार्वजनिक पुस्तकालयको संरक्षणका लागि महानगर अभिभावकत्व ग्रहण गर्न तयार रहेको उनले बताइन् ।

प्रतिनिधिसभाका सांसद सन्तोष परियारले पुस्तकालयलाई अध्ययन संस्कृतिको केन्द्रका रूपमा विकास गर्न राज्यको भूमिका महत्त्वपूर्ण हुनुपर्नेमा जोड दिए । उनले भने, 'देशको अवस्था बदल्न पुस्तकको पाना बदल्ने बानीको विकास आवश्यक छ । पठन संस्कृतिको प्रवर्द्धनका लागि पुस्तकालयले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने भएकाले यसको विकास र संरक्षणमा राज्य गम्भीर हुनुपर्छ ।'

समाजका संस्थापक अध्यक्ष तथा संरक्षक डा. नारायण खड्काले पुस्तकालय ज्ञान र सूचनाको केन्द्रमात्र नभई मुलुकको परिवर्तन, सभ्यता र इतिहासको वैभवसमेत भएको बताउँदै यसलाई राज्यले उच्च प्राथमिकतामा राख्नुपर्नेमा जोड दिए । समाजका अध्यक्ष डा. गोविन्द पोखरेलले पुस्तकालयको संरक्षण तथा व्यवस्थापनमा सबै सरोकार भएकाको सहकार्य अपरिहार्य रहेको बताउँदै पुस्तकालयलाई अध्ययन संस्कृतिको केन्द्रका रूपमा अझ प्रभावकारी बनाइने प्रतिबद्धता व्यक्त गरे ।


## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/१०/२६ गते**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८०/०८१ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान २०२ को ३००८.५० घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा ३.५० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**सूर्यकिरण सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–३, मकवानपुर**

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/१०/२६ गते**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८०/०८१ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान ११४ को १६१८.९० घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा २.५० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**सुन्दर हरियाली सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–३, मकवानपुर**


# निजी मेडिकल कलेजका आवासीय चिकित्सकलाई सरकारीसरह निर्वाह भत्ता दिइने



**काठमाडौं (प्रस)–** चिकित्सा शिक्षा आयोगले निजी मेडिकल कलेजमा अध्ययनरत आवासीय चिकित्सकलाई सरकारीसरह (आठौं तह) को निर्वाहभत्ता उपलब्ध गराउने निर्णय गरेको छ । प्रधानमन्त्री एवं अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा शुक्रबार बसेको आयोगको १६औं बैठकले उक्त निर्णय गरेको हो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा भएको आयोगको बैठकमा यसअघि सम्बन्धित पक्षसँग भएका छलफल र प्राप्त प्रतिवेदनसमेतका आधारमा आवासीय चिकित्सकको समान सुविधा (मासिक ४८ हजार ७०० रूपैयाँ) कायम गर्नुपर्ने निर्णय भएको हो । अन्य विषयमा थप छलफल गरी छिट्टै आयोगको बैठकबाट निर्णय लिने निष्कर्ष निकालिएको छ ।

बैठकले सम्बन्धित कलेजमा दुई वर्ष अध्ययन र कामको सम्झौता गर्न नमान्ने विद्यार्थीसँग वार्षिक २३ लाख रूपैयाँ शुल्क लिने विषयमा पनि छलफल भएको छ । हाल निजी मेडिकल कलेजले मासिक २० हजार रूपैयाँ निर्वाहभत्ता दिँदै आएका छन् । पोस्ट ग्राजुयट तहका विद्यार्थीले समान सुविधाका लागि आन्दोलन जारी राखेको र आयोगका परीक्षासमेत प्रभावित हुने स्थितिमा प्रधानमन्त्री ओलीको अग्रसरतामा समस्या समाधानको पहल भएको हो । बैठकमा निजी मेडिकल कलेज एसोसिएनका अध्यक्ष प्रा.डा. ज्ञानेन्द्रमान सिंह कार्कीले कार्यविधि बनेपछि निर्णय गर्न आग्रह गरेका थिए तर आयोगका अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओली र सहअध्यक्षद्वय स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल एवं शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले आवासीय चिकित्सकको समान सुविधाको प्रतिबद्धताबाट पछि हट्न नसकिने स्पष्ट गरेका थिए ।

चिकित्सा शिक्षाको एकीकृत नियमन, अनुगमन, प्रवेश परीक्षा सञ्चालन, शिक्षण संस्थालाई दिइने विद्यार्थी सिट संख्या र शिक्षण शुल्क निर्धारणसम्बन्धी कार्यहरू गर्दै आएको आयोगको बैठकमा राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ मा आवश्यक संशोधनको प्रक्रिया थाल्ने विषयमा पनि छलफल भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

# करिब ४० प्रतिशत किशोरीले लगाए 'एचपिभी' खोप



**काठमाडौं (प्रस)–** सरकारले सञ्चालन गरेको पाठेघर मुखको क्यान्सरविरुद्धको एचपिभी खोप अभियानमा करिब ४० प्रतिशत किशोरीले खोप लगाएका छन् । स्वास्थ्य सेवा विभागका बालस्वास्थ्य तथा खोप शाखा प्रमुख डा. अभियान गौतमका अनुसार खोप सञ्चालन भएको तेस्रो दिन अर्थात् माघ २४ सम्म ३९.४६ प्रतिशत किशोरीले खोप लगाएका छन् जसअनुसार १६ लाख ८८ हजार ७६८ जनाले किशोरीले खोप लगाएका हुन् ।

'खोप अभियान उत्साजनक रूपमा चलिरहेको छ । लक्ष्यअनुसार नै सबै किशोरीलाई खोप लगाउँछौं,' उनले भने । गौतमका अनसार कोशीमा ३८.७, मधेसमा १९.९, बागमतीमा ४१.६, गण्डकीमा ४५.२, लुम्बिनीमा ४९.७, कर्णालीमा ३७.७ र सुदूरपश्चिममा ३९.५ प्रतिशत किशोरीले खोप लगाएका छन् । जिल्लागतरूपमा सबैभन्दा धेरै अछाम जिल्लाका किशोरीले ८९.३ प्रतिशत किशोरीले खोप लगाएका छन् । यस्तै, बैतडीका ८२.७ र गोरखाका ७७.८ प्रतिशत किशोरीले खोप लगाएका छन् ।


## कञ्चनरूप नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
**कंचनपुर, सप्तरी**
**मधेश प्रदेश, नेपाल**

## आन्तरिक प्रतिस्पर्धाबाट स्थायी पदपूर्ति गर्ने सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८१/१०/२६**

कञ्चनरूप नगरपालिकाको स्थायी पदपूर्ति सम्बन्धी नियमावली "२०८१" बमोजिम नगरपालिकामा कायम रहेको मौजुदा दरवन्दीमा स्थानीय सरकार संचालन ऐन २०७४ प्रारम्भ हुनु अगावै देखि नगरपालिका/साविक जि.बि.स./गा.बि.स./स्वास्थ्य अन्तर्गत प्रशासन सेवा/प्राविधिक र अन्य सेवाबाट (समायोजन भइ आएका समेत) अविच्छिन्न रूपमा कार्यरत करार/अस्थायी नियुक्ति भई पद परिवर्तन भएको कर्मचारी समेत तथा स्थानीय सरकार संचालन ऐन २०७४ प्रारम्भ हुनु अगावै देखि कुनैपनि श्रोतबाट नगरपालिका/साविक जि.बि.स./गा.बि.स./स्वास्थ्य तथा कार्यक्रम मार्फत तलव भत्ता खाई पाई आएका अविच्छिन्न रूपमा कामकाज गरेको कर्मचारीलाई सूचना प्रकाशन गरी एक पटकका लागि स्थायी पदपूर्ति गर्न कञ्चनरूप नगरपालिका नगरकार्यपालिकाको कार्यालय, कञ्चनपुर सप्तरीको मिति २०८१/१०/०४ गतेको बसेको बैठकबाट भएको आदेश अनुसार देहाय बमोजिमको पदमा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका उम्मेदवारवाट दरखास्त आव्हान गरिएको छ । न्युन्तम योग्यता पुगेका उम्मेदवारहरूले यस कञ्चनरूप नगरपालिकाको वेबसाईट www.kanchanrup.mun.gov.np बाट फाराम डाउनलोड गरी वा प्रशासन शाखाबाट फाराम लिई आवश्यक कागजात सहित कञ्चनरूप नगरपालिका नगरकार्यपालिकाको कार्यालय, कंचनपुर सप्तरीको प्रशासन शाखामा दरखास्त पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद/तह/समूह | पदपूर्ति प्रकृया | संख्या | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०१/०८१/०८२ | सहायक स्तर चौथो (प्रशासन) | आन्तरिक प्रतिस्पर्धा | ४ | ७००/- (सात सय) | वा सो सरह कार्यरत |
| २ | ०२/०८१/०८२ | समाजिक परिचालक/पो.स./सहायक स्तर चौथो (प्रशासन) | आन्तरिक प्रतिस्पर्धा | १ | ७००/- (सात सय) | वा सो सरह कार्यरत |
| ३ | ०३/०८१/०८२ | अमिन/सहायक स्तर चौथो (सर्भे) | आन्तरिक प्रतिस्पर्धा | १ | ७००/- (सात सय) | वा सो सरह कार्यरत |
| ४ | ०४/०८१/०८२ | अ.न.मि./सहायक स्तर चौथो (प.हे.न.स्वास्थ्य) | आन्तरिक प्रतिस्पर्धा | २ | ७००/- (सात सय) | वा सो सरह कार्यरत |
| ५ | ०५/०८१/०८२ | खा.पा.स.टे. सहायक स्तर चौथो (खा.पा.ईन्जि) | आन्तरिक प्रतिस्पर्धा | १ | ७००/- (सात सय) | वा सो सरह कार्यरत |

क) न्युनतम शैक्षिक योग्यताः- लोकसेवा आयोगद्वारा सम्बन्धित पद/तह समूहका लागि निर्धारण गरेको शैक्षिक योग्यता पुरा गरेको तथा कञ्चनरूप नगरपालिकाको स्थायी पदपूर्ति सम्बन्धी नियमावली "२०८१" को दफा १६ बमोजिम योग्यता पुरा भएको ।
ख) मिति २०७४/०६/२९ अगावैदेखि अविच्छिन्न रूपमा कामकाज गर्दै आएको प्रमाणित कागजातको प्रतिलिपि आवेदन साथ पेश गर्नु पर्नेछ ।
ग) कञ्चनरूप नगरपालिकाको स्थायी पदपूर्ति सम्बन्धि नियमावली "२०८१" को दफा ११ को उपदफा २ बमोजिम उमेर हदको बन्देज लाग्ने छैन ।
घ) परीक्षाको किसिमः- लिखित र अन्तरवार्ता ।
ङ) दरखास्त फाराम बुझाउने अन्तिम मितिः- २०८१/१२/०१ गते सम्म ।
च) सम्पर्क मितिः- २०८१/१२/०४ गते ।
छ) लिखित परीक्षा मितिः- २०८१/१२/०९ गते ।
ज) दरखास्त दस्तुरः- विज्ञापन नं. अनुसार लाग्ने दस्तुर कञ्चनरूप नगरपालिकाको राजश्व शाखामा बुझाई दस्तुर तिरेको रसिदको सक्कल दरखास्त फारामका साथ संलग्न राखी पेश गर्नु पर्नेछ ।
झ) आवश्यक कागजातः- आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमको प्रतिलिपि कागजातहरूः-
१. नेपाली नागरिकताको प्रतिलिपि,
२. शैक्षिक योग्यता प्रमाण पत्रको प्रतिलिपि,
३. अनुभव प्रमाण पत्रको प्रतिलिपि,
४. सम्बन्धित उम्मेदवारले आवेदन पेश गरेको पदका लागि योग्य छु भन्ने स्वःघोषणा पत्र ।
५. हालसालै खिचिएको पासपोर्ट साईजको फोटो ३ प्रति
ञ) आवश्यक कागजात तथा रित नपुगि पेश हुन आएको दरखास्त उपर कुनै कारबाही हुने छैन । विस्तृत जानकारीको लागि सम्पर्कः ०३१-५६०११४

**पदपूर्ति समिति अध्यक्ष**



# हिउँ हराएको हिउँद

प्रगति ढकाल / काठमाडौं

*माथि माथि हिमाली भेगमा हिउँ पर्‍यो फुरुरु, हिउँ पर्‍यो फुरुरु...*
*परदेशी माया सम्झेर, मन रुन्छ धुरुरु, मन रुन्छ धुरुरु...*
*हा..हा..हा..हा..हा. मन रुन्छ धुरुरु...।*

बबिना राई किरातीको स्वरमा सजिएको यो गीत अधिकांश नेपालीहरूको जनजिब्रोमा झुन्डिएको छ। हिउँ पर्नेबित्तिकै 'टिकटक भिडियो' बनाउनेहरू यही गीतलाई रोज्छन् । हिमाली भेगैमा हिउँ पर्‍यो फुरुरु...राजु लामाको स्वर रहेको अर्को गीतको टुक्का पनि उस्तै कर्णप्रिय छ । यी गीतले हिउँ, हिउँद र नेपालको हिमाली क्षेत्रको महिमा सञ्चार गर्न सघाउँछन् । हुन पनि हिउँदको आगमनसँगै उच्च हिमाली भेग, त्यहाँका पहाड, डाँडाकाँडा बाटो र बोटबिरुवा हिउँका सेतो आवरणले ढाकिएका हुन्थे ।

यस वर्ष पुस सकियो । माघ पनि सकिनै लाग्यो तर हिउँ पर्ने छाँटकाँट देखिएन । यी गीतका टुक्कामा बनेका टिकटक भिडियो आउन छाडे । हिउँ पर्दो हो त अचेल धेरै मान्छे हिउँसँग खेल्थे, अनि हिउँसँगै खेल्दै रमाएका भिडियोहरूबाट अरुले पनि आनन्द लिन्थे !

यसपटक हिउँदमा हिउँ हराएको छ । यी गीतका भावहरू पनि हाम्रा भावी पुस्ताका लागि कतै एकादेशको कथा त बन्ने होइनन् भन्ने चिन्ता थपिएको छ । गत वर्षहरूझैं यस वर्ष पनि हिउँ खेल्न जाने समय कुरिरहेका काठमाडौंको लाजिम्पाटका शैलेश पाण्डेलाई पनि यस्तै चिन्ता छ । 'मलाई हिउँ खुब मन पर्छ । हिउँ पर्नेबित्तिकै खुब रमाइलो लाग्थ्यो, खेल्न पाइन्छ भनेर,' उनी भन्छन्, 'कहिले चन्द्रागिरि डाँडा, कहिले फुलचोकी, कहिले शिवपुरीको डाँडामा जान्थ्यौं । ती दिनको खुब याद आउँछ तर यो वर्ष त हिउँ कहिले पर्ला भनेर कुरिरहनुपरेको छ ।'

यो वर्ष हिउँ पर्नेबित्तिकै हिउँ खेल्न जाने योजनामा छन्, भक्तपुर लोकन्थलीका अमित तिमल्सेना पनि । ' हामी कलेज पढ्दा त पुस लाग्नासाथ हिउँ पर्थ्यो । साथीभाइ मिलेर हिउँ खेल्न जान्थ्यौं । बर्सेनि हिउँ खेल्न गइन्थ्यो । यो वर्ष त पर्दै परेन !'

धादिङ घर भई कोटेश्वर बस्दै आएकी कल्पना तामाङलाई पनि हिउँले आकर्षित गर्छ । 'हिउँचाहिँ कसलाई मन नपर्ला र ? हिउँ पर्दा पर्दै त्यससँग खेल्दाको आनन्द बेग्लै तर के गर्नु यस वर्ष त हिउँ देख्नै पाइएन !,' उनले दुःख मनाउ गरिन् ।

माथि उल्लिखित पात्र त केही उदाहरणमात्रै हुन् । उनीहरूजस्तै धेरै यस वर्ष हिउँ कहिले पर्ला ? भनेर पर्खिरहेका छन् भने उपत्यकाका डाँडाहरू हिउँले ढाकेको हेर्न र तिनै हिउँसँग खेलेर आनन्द लिन चाहने धेरै चिन्तित पनि छन् ।

चन्द्रागिरिको डाँडामा भालेश्वर मन्दिर छ । मन्दिरका मूल पुजारी छन्, विदुर न्यौपाने । गत वर्षतिर हिउँसँगै रमाएर बनाइएका उनका टिकटकहरू खुब 'भाइरल' हुन्थे तर यस वर्ष हालसम्म त्यो अवसर आएको छैन । 'यस वर्ष हिउँ परे पो देखिनु । खै ! हालसम्म हिउँ पर्ने छनक नै छैन,' उनले भने ।

चन्द्रागिरि हिल्स लिमिटेडका बजार प्रवर्द्धक तथा बिक्री प्रमुख प्रभाकर खड्काले हिउँ खेल्नमात्रै दैनिक २० हजारको हराहारीमा पर्यटक चन्द्रागिरि आउने गरेको स्मरण गरे । 'चन्द्रागिरिमा हिउँ खेल्न आउनेहरूको संख्या बाक्लो हुन्थ्यो । गत वर्ष केबलकार चढ्नेको भीड त्यस्तै थियो, आठ हजारको हाराहारीमा त हिँडेरै चन्द्रागिरि पुग्नुभयो,' उनले थपे, 'हिउँ खेल्नकै लागि चन्द्रागिरि आउने पर्यटनको संख्या धेरै हुन्थ्यो तर यस वर्ष त हिउँ नै परेको छैन । पर्‍यो भने त पर्यटकहरूको संख्या ह्वात्तै बढ्थ्यो नि !'

उपत्यका नजिकको हिउँ पर्ने सुन्दर क्षेत्र चन्द्रागिरि यो पटक सेताम्मे बन्न पाएकै छैन । हिउँ परेपछि चन्द्रागिरि जाने भन्दै उपत्यकावासीको प्रतीक्षाको समय कति लामो जाने हो अझै अनिश्चित छ । चन्द्रागिरि नगरपालिका प्रमुख घनश्याम गिरी हाल र ५० वर्षअघि हिउँ पर्ने अवस्थामा देखिएको अन्तरले चिन्तित बनाएको बताउँछन् । 'पहिलापहिला त असोजदेखि नै जाडो लाग्थ्यो । हिउँले डाँडा नै सेताम्मे हुन्थे । जतासुकै हिउँ हुन्थ्यो । आजभोलि यही कुरा नयाँ पुस्तालाई भन्यो भने पत्याउँदैनन् । हिउँ नै देख्न नपाइने भइयो । चिसो पनि पहिलाभन्दा हराउँदै गएको छ,' उनले भने ।

पहिलापहिला पुस लाग्नेबित्तिकै पर्ने हिउँ अहिले फागुन लागिसक्दा पनि नपर्दा केही वर्षपछि हिउँ नै नपर्ने हो कि भन्ने चिन्ता छ नगरप्रमुख गिरीलाई । ' पहिला त बाहिर राखेको पानी नै जम्थ्यो नि ! हामी स्कुल जाँदा खोल्साखोल्सीको पानी जमेर प्लेटजस्तो बन्थ्यो । त्यतिबेला जमेको पानी खेल्दा खुब रमाइलो लाग्थ्यो,' उनी स्मरण गर्छन्, 'रूखका पातहरू हिउँले भरिएर केही देखिँदैनथ्यो । अहिले त यी सब कुरा सपनाझैं लाग्छन् ।'

चन्द्रागिरिमा मात्रै होइन, हिउँले टलक्क टल्कने हिमालहरू पनि नटल्कँदा आश्चर्यचकित बनाउँछ गिरीलाई । उनी भन्छन्, 'अन्नपूर्ण हिमाल बाक्लो हिउँले ढाकेर सेतै देखिन्थ्यो, टलक्क टल्किन्थ्यो । अहिले त कालो देखिन थाल्यो । काठमाडौंमा पुस महिनादेखि हुस्सु लाग्दा वरपरको मानिस पनि देख्न मुस्किल हुन्थ्यो । अचेल पहिलेजस्तो तुसारो पनि लाग्दैन । हुस्सु पनि त्यति देखिँदैन । पहिला धेरै चिसो हुन्थ्यो । अहिले त चिसोको पनि खासै अनुभव हुन छाड्यो ।'

दोलखा जिल्लास्थित कालिञ्चोक गाउँपालिका अध्यक्ष अर्जुनप्रसाद सिवाकोटीलाई पनि आजभोलिको हिउँदमा कालिञ्चोक हिउँविहीन बन्दा अनौठो लागेको छ । 'पहिला-पहिला यस्तो बाक्लो हिउँ पर्थ्यो कि, यहाँ चार महिनासम्म नै हिउँ रहन्थ्यो । कालिञ्चोक सेताम्मे हुन्थ्यो,' उनी भन्छन्, 'पछिल्लो समय हिउँ नै हराउँदै गयो । पछिपछि त यहाँका मानिसले हिउँ नै देख्न नपाउलान् कि भन्ने चिन्ता पो छ !'

यस वर्ष हिउँ नपर्दा आन्तरिक पर्यटकहरू पनि घटेको उनले जानकारी दिए । 'पछिल्लो समय हिउँ खेल्नका लागि काठमाडौंदेखि नै मानिसहरू आउँदा लाखको हाराहारीमा पर्यटक हुन्थे । यसपटक त हिउँ नपर्दा आन्तरिक पर्यटक नै कम आए,' अध्यक्ष सिवाकोटीले भने । जलवायु परिवर्तनका कारण हिउँ नपर्ने समस्या मात्रै होइन पछिल्लो समय कालिञ्चोकमा सुन्तलाखेती नै हुन छोडेको उनी बताउँछन् ।

गोदावरी नगरपालिका-३ का वडाध्यक्ष सानुराज घिमिरेले आजभोलि फुलचोकी घुम्न आउने आन्तरिक पर्यटकको संख्या ज्यादै न्यून रहेको बताए । 'फुलचोकी पहिला हिउँले सेताम्मे हुन्थ्यो । त्यो हेर्न पनि धेरै मानिस आउँथे । आजभोलि त यहाँ हिउँ नै पर्दैन । हिउँ परे पो पर्यटक आउँथे होलान् । हिउँ नै परेन भने पर्यटन विकासमासमेत असर पर्दो रहेछ ।' घिमिरेले जलवायु परितर्वनका कारण हिउँ पर्न छाडेको र यसले कृषिमा असर गर्ने, पानीको मुहान सुक्ने र पर्यटकीय विकासमा ह्रास आउनेजस्ता समस्या उत्पन्न हुँदै गएका भन्दै जलवायुले स्थानीयस्तरमा पारेका यस्ता समस्याबारे सरकारले अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गर्न आग्रह गरे ।

## अन्तर्राष्ट्रिय सहयोगको अपेक्षा

सरकारले आगामी जेठ २, ३ र ४ मा सगरमाथा संवाद आयोजना गर्ने घोषणासहित यतिबेला तयारीमा जुटेको छ । पर्वतीय मुलुकहरूले सामना गरिरहेको जलवायु परिवर्तनका संकट समाधानका लागि संवादमा पनि अन्तर्राष्ट्रिय समुदायलाई घच्घच्याउने बताउँछन् वन तथा वातावरण मन्त्रालयअन्तर्गत जलवायु व्यवस्थापन माहाशाखा प्रमुख डा. महेश्वर ढकाल ।

'जलवायु परिवर्तन गराउने मुख्य तत्त्व कार्बन उत्सर्जन गराउन नेपालको नगन्य भूमिका छ तर अन्तर्राष्ट्रिय समुदायले गरेको औद्योगिक विकाससँगै कार्बन उत्सर्जन बढेको र यसले गराएको जलवायु परिवर्तनको असर हामीले भोगेका छौं । नखाएको विष लाग्यो,' उनी भन्छन्, 'अहिले नै हिमालमा हिउँ छैन । हाम्रा हिमाली क्षेत्रमा हिउँ पर्न छाड्यो । यस्ता जलवायु संकटका उदाहरण दिएर अन्तर्राष्ट्रिय सहयोगका लागि आग्रह गर्छौं । पर्वतीय क्षेत्रमा जलवायुले पारेको प्रभाव न्यूनीकरणका लागि सहकार्य बढाउने छौं ।'

ढकालले जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय अन्तरसरकारी समूह (आइपिसिसी)को छैटौं प्रतिवेदनले जलवायु परिवर्तनको सबैभन्दा बढी जोखिम पहाडी क्षेत्र, त्यसमा पनि हिमाली क्षेत्र र अझै नेपालका पर्वतीय क्षेत्रहरूमा रहेको देखाएकाले जोखिम न्यूनीकरणमा जोड दिन आवश्यक रहेको बताए । जलवायुले हिमाली क्षेत्रमा परेको असर न्यूनीकरणका लागि अन्तर्राष्ट्रिय जलवायु वित्त सहयोग आवश्यक पर्ने भन्दै जलवायु वित्त बढाउन नेपालले पैरवी गरिरहेको उनको भनाइ छ ।

## न्यूनतम तापक्रम औसतभन्दा धेरै हुने

जल तथा मौसम विज्ञान विभागका अनुसार यसपटक हिमाली क्षेत्रका केही भागमा मात्रै हिमपात भएको र हिउँद सुक्खा हुँदा अन्य क्षेत्रमा हिउँ पर्न सकेको छैन । वर्षा हुन नसक्दा हिउँदमा हिउँ नपरेको विभागले जनाएको छ । यस वर्षको हिउँदमा औसतभन्दा कम पानी पर्ने प्रक्षेपण भएको बताउँछन्, विभागका महानिर्देशक कमलराम जोशी । विभागले गत मंसिर १५ गतेदेखि आगामी १६ फागुनसम्मको हावापानी आकलन गर्दै देशभर औसतभन्दा कम पानी पर्ने प्रक्षेपण गरेको छ ।

विभागको प्रक्षेपणले अधिकतमसँगै न्यूनतम् तापक्रम पनि औसतभन्दा धेरै हुनेसमेत देखाएको छ । प्रशान्त महासागरमा लानिना विकसित हुने क्रममा रहँदा र प्रिमनसुनको सुरुआती अवधिसम्म लानिना रहँदा यस वर्षको हिउँदमा कम पानी पर्ने बताउँछन्, विभागकी प्रवक्ता विभूति पोखरेल । हिउँदको जनवरी-फेब्रुअरीमा अझ सुक्खा बढ्ने विभागले प्रक्षेपण गरेको छ । विभागका अनुसार हिउँदयाममा कोशी प्रदेशको दक्षिणी भूभाग र मधेस प्रदेशको पूर्वी भूभागमा अझ बढी सुक्खाको सम्भावना रहेको छ ।

यसैगरी विभागले गत मंसिरमा सार्वजनिक गरेको हावापानी आकलनअनुसार सुदूरपश्चिम र कर्णालीको दक्षिणी, लुम्बिनीको अधिकांश क्षेत्रमा सरदरभन्दा कम पानी पर्ने प्रक्षेपण गरेको थियो । गण्डकीको पूर्वी तथा दक्षिणी, बागमती, मधेसको पश्चिमी र कोशीको पश्चिमी भूभागमा पनि सरदरभन्दा कम पानी पर्ने विभागको आकलन छ। आगामी १६ फागुनसम्मको अवधिलाई हिउँद मान्दा यसपटकको हिउँद सुक्खा हुँदा हिउँदे खडेरी पर्ने सम्भवना देखिएको छ ।

## तापमान बढ्दा हिउँ घट्ने खतरा

जलवायु परिवर्तनका कारण विश्वको तापमान बढ्दा हिमालका हिउँ पग्लने र विस्तारै हिउँ पर्न छाड्ने खतरा बढ्नसक्ने बताउँछन् जलवायुविद् मञ्जित ढकाल । 'तापमान बढ्दा हिमालको हिउँ पग्लने खतरा बढ्छ । अन्तर्राष्ट्रिय मञ्चहरूमा समेत हामीले पर्वत जोगाउने विषयमा केन्द्रित रही हिमालका मुद्दा उठाएका छौं,' उनले भने, ' जलवायुजन्य जोखिमबाट हिमाल र हिउँ जोगाउन यी मुद्दाहरूलाई निरन्तर रूपमा उठाउनुपर्छ ।'

विभिन्न अध्ययनहरूले विश्वव्यापीरूपमा नै जलवायुजन्य संकटको चाप बढिरहेको देखाएका छन् । विश्व मौसम विज्ञान संगठन (डब्ल्युएमओ) द्वारा प्रकाशित २०२४ को जलवायु अवस्था प्रतिवेदनले जलवायुजन्य संकटलाई उजागर गराएको छ । सन् २०२४ को गत जनवरीदेखि सेप्टेम्बरमा औसत तापमान औद्योगिक क्रान्ति अघिभन्दा १.५४ (+०.१३) सेल्सियसले बढी भएको देखाएको छ ।

सन् १८५० देखि १९०० लाई आधार वर्ष मान्दा अहिलेसम्म पृथ्वीको तापमान वृद्धि १.४ डिग्री सेल्सियसले बढेको र त्यसमध्ये पनि १.३ डिग्री सेल्सियस मानव सिर्जित रूपमा तापमान वृद्धि भएकोसमेत अध्ययनले देखाएको छ । समुद्री तापक्रममा उल्लेखनीय वृद्धि भएको, बरफको कमी, ठूला आर्थिक र मानवीय क्षति भइरहेको भन्दै डब्ल्युएमओले प्रेस विज्ञप्ति नै जारी गरेको छ । संगठनले २०२४ लाई अहिलेसम्मकै सबैभन्दा तातो वर्षको रूपमा दर्ता गरेको छ ।

एलनिनो प्रभावले तापक्रम वृद्धि थप बढाएको संगठनको निष्कर्ष छ । संगठनको अध्ययनअनुसार समुद्री सतहमा पनि वृद्धि भई सन् २०१४ देखि २०२३ को अवधिमा वार्षिक ४.७७ मिलिमिटर बढेको छ । यसैगरी, २०२३ मा ग्लेसियरले १.२ मिटर पानी बराबरको बरफ कम भएको र यो १९५३ पछि सबैभन्दा उच्च बरफ पग्लिएको घटना रहेको प्रतिवेदनमा उल्लेख छ ।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)को अध्ययनअनुसार हिन्दूकुश हिमालय क्षेत्रमा जलवायु परिवर्तनको असर विश्वको औसतको तुलनामा तीन गुणा बढी छ । इसिमोडका अनुसार उक्त क्षेत्रमा सन् २०११ देखि सन् २०२० को एक दशकमा त्यसअघिको तुलनामा हिमनदी पग्लने क्रम ६५ प्रतिशतले बढी छ ।

## अबको आवश्यकता : जलवायु अनुकूलन

जलवायु तथा विपद् व्यवस्थापनविद् डा. धर्मराज उप्रेती समुद्री सतहको तापक्रममा आएको परिवर्तन तथा त्यसका कारण कम वर्षा र कम हिमपात भएको भन्दै अब जलवायु अनुकूलनलाई प्राथमिकता दिनुपर्ने बताउँछन् । 'हिउँद सकिन लाग्दा पनि यस वर्ष यस अवधिमा ९.२ प्रतिशतमात्रै वर्षा भएको छ जबकि ६० प्रतिशत हारहारीमा वर्षा हुनुपर्थ्यो,' उनले भने, ' जलवायु परिवर्तनका कारण समुद्री सतहमा तापक्रम वृद्धि भई कम वर्षा र कम हिमपात भएको हो । अब समस्याको समाधानका उपाय खोज्न र अनुकूलनलाई प्राथमिकता दिन आवश्यक छ ।' हिमपात कम हुँदा पानीको स्रोत कम हुने भन्दै सिँचाइ प्रणालीमा पनि सुधार गर्नुपर्ने, जलवायु अनुकूलनमैत्री कृषि प्रणालीलाई प्राथमिकता दिने, वन्यजन्तुलाई पानी उपलब्ध गराउनका लागि ठाउँठाउँमा पोखरी निर्माण गर्नेजस्ता कार्यलाई प्राथमिकता दिनुपर्नेमा उप्रेतीको जोड छ । *रासस*

'हिउँद सकिन लाग्दा पनि यस वर्ष यस अवधिमा ९.२ प्रतिशतमात्रै वर्षा भएको छ जबकि ६० प्रतिशत हारहारीमा वर्षा हुनुपर्थ्यो । जलवायु परिवर्तनका कारण समुद्री सतहमा तापक्रम वृद्धि भई कम वर्षा र कम हिमपात भएको हो । अब समस्याको समाधानका उपाय खोज्न र अनुकूलनलाई प्राथमिकता दिन आवश्यक छ ।

**डा. धर्मराज उप्रेती**
जलवायु तथा विपद् व्यवस्थापनविद्

तापमान बढ्दा हिमालको हिउँ पग्लने खतरा बढ्छ । अन्तर्राष्ट्रिय मञ्चहरूमा समेत हामीले पर्वत जोगाउने विषयमा केन्द्रित रही हिमालका मुद्दा उठाएका छौं । जलवायुजन्य जोखिमबाट हिमाल र हिउँ जोगाउन यी मुद्दाहरूलाई निरन्तर रूपमा उठाउनुपर्छ ।

**मञ्जित ढकाल**
जलवायुविद्



# कार्यालय प्रमुख नहुँदा न काम भयो न कर्मचारीले तलब पाए

■ जनक श्रेष्ठ



**लमजुङ–** बेँसीसहर नगरपालिका वडा नं ८ फुलबारी चोकस्थित जिल्ला मालपोत कार्यालयमा कार्यालय प्रमुख नहुँदा कर्मचारीले दुई महिनादेखि तलब पाएका छैनन् भने यहाँबाट प्रवाह हुने सेवा प्रभावित भएको छ ।

कार्यालय प्रमुखविहीन हुँदा यस कार्यालयका कर्मचारीले पुस र माघ महिनाको तलब पाउन सकेका छैनन् । गत मंसिरमा भीष्मकुमार मल्ल कार्यालय प्रमुख भएर आएका थिए । उनी गत पुस १४ गते सरूवा भएर गएपछि करिब एक महिनाअघि पोखराबाट रामचन्द्र अधिकारीलाई यस मालपोतमा प्रमुखका रूपमा तोकिए पनि उनी हालसम्म हाजिरी हुन आएका छैनन् ।

कर्मचारीले तलब नपाउनेमात्र होइन कार्यालय प्रमुख नहुँदा नामसारी, घरजग्गासम्बन्धी अन्य काम एवं आर्थिक कारोबारलगायत काम रोकिएको छ । सेवाग्राहीले समस्या भोग्नुपरेको निमित्त कार्यालय प्रमुख पूर्णबहादुर गुरूङले बताए । उनले भने, 'यतिका समय हुँदा पनि प्रमुख आउनुभएन, सम्पर्कविहीनजस्तै हुनुभएको छ, यहाँ नआउने भए सरूवा फिर्ता लिए हुन्थ्यो, कि आउने भए बेलैमा आए कर्मचारीले तलब पाउने थिए, सेवाग्राहीले सेवाहरू प्राप्त गर्ने थिए ।'

गुरूङलाई निमित्त कार्यालय प्रमुख तोकिए पनि उनलाई आर्थिक एवं महत्त्वपूर्ण कार्यहरू गर्ने अधिकार दिइएको छैन । सेवाग्राहीका महत्त्वपूर्ण काम गर्न आफूलाई अधिकार नभएकाले समस्या भइरहेको उनले बताए । उनका अनुसार २६ जना दरबन्दी रहेको यस कार्यालयमा जम्मा आठ जनामात्रै दरबन्दीका कर्मचारी रहेका छन् ।

गुरूङले भने, 'यसअघि पनि कार्यालय प्रमुख नहुँदा आफू असारदेखि मंसिरसम्म निमित्त कार्यालय प्रमुख भएर जिम्मेवारी सम्हालेको र त्यो बेलामा अरू कोही कार्यालय प्रमुख नआएको तथा नतोकेकाले अधिकार मैले पाएको थिएँ । तर अहिले उपसचिव अधिकारीलाई नै प्रमुख तोकेर पोखराबाट सरूवा गरेर यहाँ खटाएकाले मलाई अहिले सबै अधिकार नहुँदा विभिन्न समस्या उत्पन्न भइरहेकाले सम्बन्धित निकायमा पटक-पटक खबर गर्दै आए पनि सुनुवाइ हुन सकेको छैन ।'

यस वर्ष चिरिञ्जीवी पौडेल कार्यालय प्रमुख भएर आए तर एक महिनामै सरूवा भए । त्यसपछि जेठसम्म निमित्तको भरमा कार्यालय सञ्चालन भयो । जेठ महिनामा हरेन्द्रकुमार श्रेष्ठ आए, तर असार महिनामै सरूवा भए । त्यसयता चार महिना निमित्तको भरमा सेवा प्रवाह हुँदै आएको थियो । पछिल्लोपटक गत मंसिरमा भीष्मकुमार मल्ल कार्यालय प्रमुख भएर आए पनि उनी पुस महिनामै सरूवा भए । त्यसयता कार्यालय प्रमुखमा कोही आएका छैनन् । प्रमुखका रूपमा कास्कीबाट अधिकारीलाई सरूवा गरिए पनि उनी लमजुङमा हाजिर नहुँदा समस्या भएको हो ।

यहाँ कार्यालय प्रमुखसँगै खरिदार पाँच जना, कम्प्युटर अपरेटर एक जना, लेखापाल एक जना, तानासु (टाइसिन) एक जना, कार्यालय सहयोगी एक जना खालि रहँदै आएको निमित्त कार्यालय प्रमुख गुरूङको भनाइ छ । उनले भने, 'दरबन्दीअनुसार कर्मचारी कम हुँदा सेवाप्रवाहमासमेत समस्या तथा कर्मचारीलाई बढी भार हुने गरेको छ ।' *रासस*

# बिजुलीको मिटर जडान हुने भएपछि सुस्तावासी खुसी

**नवलपरासी (प्रस)–** नागरिकताको अभावमा पश्चिम नवलपरासीको सुस्ता गाउँपालिका-५ स्थित सुस्तावासीमा विद्युत् मिटर जडानको समस्या समाधान हुने भएपछि सुस्तावासी खुसी भएका छन् । सुस्तावासीलाई एक वर्षसम्म निःशुल्क रूपमा विद्युत् उपलब्ध गराउने विषयमा थप पहल थालिएको हो ।

यस अगावै सुस्तामा बसोबास गरेको भए पनि नागरिकता नहुँदा अधिकांश परिवारको विद्युतीय मिटर जडानको समस्या रहँदै आएको थियो । नेपाल विद्युत् प्रधिकरणले सुस्ता गाउँपालिकाको सिफारिसका आधारमा सुस्तावासीलाई विद्युत् मिटर जडानको प्रक्रिया अघि बढाएपछि सुस्तावासी खुसी भएका हुन् ।

यसका लागि लुम्बिनी प्रदेश सरकारका वन तथा वातावरणमन्त्री एवं यस क्षेत्रबाट निर्वाचित प्रदेशसभा सदस्य देवकरणप्रसाद कलवारसहितको टोली काठमाडौं पुगेर प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङसँग भेट गरी सो समस्या समाधान गर्न प्रक्रिया अघि बढाएको हो ।

'हामीले निकै पहल गर्‍यौं, अब पक्कै सुस्तावासीले बिजुली बाल्न पाउने छन् भन्ने विश्वास छ,' मन्त्री कलवारले भने । विद्युत् प्राधिकरण लुम्बिनी प्रादेशिक कार्यालयका प्रमुख हरिप्रसाद पाण्डेले मिटर जडानका लागि स्थानीय तहको सिफारिसका आधारमा मिटर उपलब्ध गराउन निर्देशन भएको जानकारी दिए ।

नागरिकता नभएकै कारण लामो समयपछि बिजुली पुगेको सुस्तामा त्यहाँका कयौं घरधुरीले बत्ती बाल्न पाएका छैनन् । सुस्ताका झण्डै १४० घर परिवारसँग नागरिकता नभएका कारण मिटर जडान हुन नसकेको अवस्था छ ।

सुस्तावासीको हकमा एक वर्ष विद्युत् निःशुल्क गर्ने भनेर निर्णय भइसकेकाले अब छिट्टै नै सम्बन्धित निकायमा कार्यान्वयन हुनेबारे प्रतिबद्धता भएको सुस्ता बचाऊ अभियानका प्रवक्ता रवीन्द्र जयसवालले जानकारी दिए । नागरिकताविना विद्युत् मिटर जडानको सिफारिस नहुने हुँदा मिटर जडान हुनबाट उनीहरू वञ्चित हुँदै आएका छन् । कतिपयले जगाको लालपुर्जासमेत नहुँदा व्यापार व्यवसाय गर्नसमेत पाएका छैनन् ।

## धार्चे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यलय
### माछीखोला, गोरखा

### बोलपत्र स्वीकृतिका लागि छनोट गरिएको आशयको सूचना

**प्रकाशित मितिः २०८१/१०/२६**

यस गाउँपालिकाको मिति २०८१/०८/२८ र २०८१/१०/०४ गते राष्ट्रिय दैनिकमा प्रकाशित सुचना अनुसार तपशिल अनुसारको ठेक्काको लागि म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक र आर्थिक प्रस्तावको मूल्यांकन गर्दा न्युनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही बोलपत्र देहाय बमोजिम भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २(१) बमोजिम सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि बोलपत्र स्वीकृतिको आशयको सूचना प्रकाशित गरिएको छ, सो निर्णय उपर कसैको दाबी, विरोध भए सुचना प्रकाशन भएको मितिले ७ दिन भित्र यस कार्यालयमा निवेदन दिनु हन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपशिल**

| क.सं. | ठेक्का नं. | ठेक्काको नाम | बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मु.अ. कर र PS बाहेक ) | कैफियत |
|---|---|---|---|---|---|
| १. | DRM/NCB/GOODS/03/081-82 | Supply and Delivery of Free Medicines and Medical Equipment for Dharche Rural Municipality | Bhimdevi Medicine Suppliers Chhetrapati-18, Kathmandu | NRS 15,81,290.00 | |
| २. | DRM/NCB/WORKS/02/081-82 | Construction of Nyauli Jharna Cannoning and Vyafatara Infrastructure (Glass Bridge Structure) | Survivour/ I.D. Construction Pvt. Ltd., JV, Kathmandu | NRS 1,09,52,304.00 | |

**प्रमुख प्रशासकिय अधिकृत**

# जाजरकोटमा जडीबुटी प्रशोधन सुरु

**काँक्रेविहार (सुर्खेत)–** जाजरकोटको भेरी नगरपालिका-१ को धल्दामा स्थापित जडीबुटी प्रशोधन केन्द्रबाट जडीबुटी प्रशोधन सुरु गरिएको छ । २०७८ जेठ ११ गतेदेखि निर्माण सुरु भएको उक्त भवनको काम सम्पन्न भएसँगै व्यावसायिक रूपमा काम सुरु भएको हो ।

हाल यहाँबाट टिमुर प्रशोधन भइरहेको कार्यालय प्रमुख बखतबहादुर साउदले जानकारी दिए । ३० टन टिमुर प्रशोधन गरेर पठाउने लक्ष्य लिइएकामा हाल साढे चार टन खरिद गरी प्रशोधन गरिएको उनले बताए । 'पहिलो चरणमा सुगन्धवाल, जटामसी र टिमुर संकलन गरेर प्रशोधन गर्ने लक्ष्य छ । जाजरकोटमात्र नभई अन्य जिल्लाबाट पनि यहाँ जडीबुटी ल्याएर प्रशोधन गर्न सकिने र कम्पनीले खरिद गर्ने लक्ष्य छ,' उनले भने ।

प्रशोधन केन्द्र स्थापना भएसँगै स्थानीय किसानले उत्पादन गरेका जडीबुटीको व्यावसायिक उत्पादन र बजारीकरणमा टेवा पुग्ने अपेक्षा गरिएको छ । भेरी करिडोरसँग जोडिएको भेरी नगरपालिका-१ र ३ राताचौरमा निर्माणपछि स्थानीयस्तरमा रोजगारी सिर्जना र भेरी करिडोर हुँदै जिल्लाबाहिर जाने जडीबुटी जिल्लामै प्रशोधन गरी बजारीकरण गर्न सहज भएको छ । यसबाट स्थानीय नागरिक पनि उत्साहित भएका छन् ।

कर्णाली प्रदेशका जिल्लामा उत्पादन हुने रातो च्याउ, अल्लो, टिमुर, काँकडसिंगो, लोक्ता, कटुकी, सुगन्धवाल, चिराइतो र काउलो, बोझो, कुरिलो, गुच्ची च्याउ, पदमचाल, तिल्याइलो, विषजरा, यार्सागुम्बा र भृंगीराज देशका अन्य स्थानका साथै चीन र भारत निकासी हुँदै आएको छ । प्रशोधन केन्द्र स्थापना भएसँगै त्यसको यही प्रशोधन हुने छ । *रासस*

# सामुदायिक विद्यालयमा मगर भाषाको पढाइ



**तनहुँ (प्रस)–** तनहुँको व्यास नगरपालिका-१४ केशवटारस्थित केशवटार माध्यमिक विद्यालयमा पहिलोपटक मगर भाषाको पढाइ सुरू भएको छ । व्यास नगरपालिका र नेपाल मगर संघ व्यास नगर समितिको समन्वयमा यस विद्यालयमा मगर भाषाको पढाइ सुरू गरिएको हो ।

मगर समुदायका विद्यार्थीहरूलाई मगर भाषा सिकाउने र पुस्तान्तरण अभियानका साथ मगर भाषाको कार्यान्वयनलाई प्राथमिकता दिने उद्देश्यले व्यास नगरपालिकामा पहिलोपटक केशवटार माविबाट मगरभाषाको पढाइ सुरू गरिएको हो । उक्त विद्यालयमा नेपाल मगर संघले बनाएको नीति र स्थानीय पाठ्यक्रमअनुसार कक्षा सञ्चालन गरिएको छ ।

केशवटार माविको कक्षा १ मा मगर भाषाको पढाइ थालिएको हो । मगर भाषाको पाठ्यक्रम र पाठ्यपुस्तकको कार्यान्वयनको शुभारम्भ नगरप्रमुख वैकुण्ठ न्यौपानेले गरे । मगर भाषाको पढाइ सञ्चालनका लागि नगरपालिकाकै सहयोगमा पहिलो चरणमा शिक्षकहरूलाई पाँच दिने तालिम प्रदान गरिएको थियो । मगर भाषा संरक्षणका लागि नगरपालिकाले मगर समुदायको बाहुल्यता भएका विद्यालयमा मगर भाषामा पढाइ सञ्चालन गर्ने नीति लिएको छ ।

तालिम प्राप्त शिक्षकहरूले विद्यालयहरूमा मगर भाषामा कक्षाहरू सञ्चालन गर्ने छन् । पठनपाठनलाई सहज बनाउन र प्रभावकारी बनाउन विशेष तालिम प्रदान गरिएको थियो । यस प्रक्रियाले भाषा संरक्षणमा मद्दत पुर्‍याएको र सिकाइमा प्रभावकारिता ल्याएको नेपाल मगर संघका केन्द्रीय निर्वाचन समितिका संयोजक सिद्धान्त थापाले बताए ।

तालिममा मगर भाषाको पाठ्यक्रमको बारेमा यामबहादुर आले, इन्द्रबहादुर आले, अमर थापा, नन्दु थापा, यामलाल थापा, तिलबहादुर थापा र अनुराज थापाले प्रशिक्षण दिएका थिए । तालिममा मगर बाहुल्यता भएका सामुदायिक विद्यालयका शिक्षक शिक्षिकाहरूले सहभागिता जनाएका थिए ।


**कुवेत/युएइमा रोजगार** कम्पनी : MACH CONSUMER ORDERS DELIVERY CO.

पूर्व स्वीकृति मिति : २०८१/०७/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/१८ | LT. No. 313355 | चलानी नं. ६०२२७७६५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | delivery light drivers | 43 | 0 | 135 | ६१,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL WANEES LADIES SALO

पूर्व स्वीकृति मिति : २०८१/०२/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/१८ | LT. No. 305169 | चलानी नं. ६०२१९९४१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 1 | 1500 | ५७,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hairdresser | 0 | 1 | 1500 | ५७,१९० | | | | | | | |
| 3 | Manicurist | 0 | 1 | 1500 | ५७,१९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन ३ गते (15th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JALAJALA RECRUITMENT PVT.LTD
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257, E-mail: jalajalarecru2017@gmail.com



**साउदीमा रोजगार** कम्पनी : UNITED WORLD OF EXCELLENCE CO., LTD.

पूर्व स्वीकृति मिति : २०८१/१०/२१ | LT. No. 318061 | चलानी नं. ६०२३२५३१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Painter (Building/Wall) | 1 | 0 | 1200 | ४४,७१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन ३ गते (15th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Green Star Overseas Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4363546, Fax: +977-1-4363540
Email: greenstaroverseas@gmail.com, Website: www.greenstaroverseas.com
श्रम ईजाजत नं. २५७/०५८/०५९



**साउदीमा रोजगार** कम्पनी : Mufarreh Misfer Al-Megrahi Industrail Factory

पूर्व स्वीकृति मिति : २०८१/१०/२४ | LT. No. 318420 | चलानी नं. ६०२३२६१९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUILDING CLEANING WORKER | 8 | 0 | 1500 | ५५,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन ५ गते (17th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MOTHERLAND OVERSEAS PVT. LTD.
Opposite to Basundhara Chowki, Kathmandu, Nepal, T: 01-496 1111,436 6318
Govt.Lic. No 339/059/60
Mob: 9802334888, Email:- cv@motherlandgroupnepal.com, info@motherlandoverseas.com, Web: www.motherlandoverseas.com



**कुवेत/कतारमा रोजगार** कम्पनी : EIGHTY BEAUTY SALOON COMPANY FOR LADIES

पूर्व स्वीकृति मिति : २०८१/१०/२४ | LT. No. 318407 | चलानी नं.६०२३२६०५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Ladies) | 0 | 1 | 130 | ५८,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | HAIRDRESSER (FEMALE) | 0 | 10 | 150 | ६७,९७० | | | | | | | |

कम्पनी : Arabian Gulf Load Handling Company — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८१/१०/२४ | LT. No. 318405 | चलानी नं.६०२३२६१५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 2 | 0 | 140 | ६३,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Trailer Drivers | 3 | 0 | 180 | ८१,५६० | | | | | | | |

कम्पनी : Dr hassan alabdulla medical center — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८१/१०/२४ | LT. No. 318410 | चलानी नं.६०२३२६१३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nurse | 1 | 4 | 4500 | १७३,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : QT Ladies Salon — शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८१/१०/२४ | LT. No. 318406 | चलानी नं.६०२३२६१४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dresser/Hair Stylist | 0 | 5 | 150 | ६७,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन ३ गते (15th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337,
E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



**युएइमा रोजगार** कम्पनी : ALWAFA FACILITY SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१०/२४ | LT. No. 318344 | चलानी नं. ६०२३२६००

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper/Cleaner | 147 | 50 | 800 | ३०,४४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८१ फागुन ३ गते (15th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Humour Overseas Pvt. Ltd.
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com
श्रम ईजाजत नं. ७७७/०६५/०६६



**कुवेतमा रोजगार** कम्पनी : KITCHEN PALACE FOR RETAIL SALE OF READY-MADE KITHCENS CO.

पूर्व स्वीकृति मिति : २०८१/१०/२५ | LT. No. 318393 | चलानी नं. ६०२३२६०६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aluminium Cutter/Welder | 5 | 0 | 110 | ४९,८३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenters | 5 | 0 | 110 | ४९,८३४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन ३ गते (15th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Index Recruitment Pvt. Ltd.
Chabahil - 7, Kathmandu, Nepal,Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np
श्रम ईजाजत नं. 1543/078/079



**साउदीमा रोजगार** कम्पनी : Hayat Cleaning Company is a one person company

पूर्व स्वीकृति मिति : २०८१/१०/०४ | LT. No. 317263 | चलानी नं.६०२३१४७२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Windows Cleaner | 20 | 0 | 1000 | ३७,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Radhi Hassan Shahab and Brothers Company

पूर्व स्वीकृति मिति : २०८१/०९/२६ | LT. No. 316968 | चलानी नं.६०२३११७५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६७,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Naqi Water Company Is A Listed Joint Stock Company

पूर्व स्वीकृति मिति : २०८१/०९/२६ | LT. No. 316967 | चलानी नं.६०२३११७६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 10 | 0 | 1800 | ६७,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Engineering Gate Contracting Est.

पूर्व स्वीकृति मिति : २०८१/०९/२६ | LT. No. 316966 | चलानी नं.६०२३११७७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 20 | 0 | 1000 | ३७,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Saudi Silica Powder Factory

पूर्व स्वीकृति मिति : २०८१/०९/११ | LT. No. 316169 | चलानी नं.६०२३०३७३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 3 | 0 | 1800 | ६७,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Damman Transport Company

पूर्व स्वीकृति मिति : २०८१/०८/१७ | LT. No. 314790 | चलानी नं.६०२२९१४४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 2 | 0 | 1800 | ६७,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Al maziad Company for Transportation and Car Towing

पूर्व स्वीकृति मिति : २०८१/१०/१० | LT. No. 317574 | चलानी नं.६०२३१९११

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 9 | 0 | 1800 | ६७,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Syriac East Transport Corporation

पूर्व स्वीकृति मिति : २०८१/१०/११ | LT. No. 317665 | चलानी नं.६०२३१९१०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 2 | 0 | 1800 | ६७,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८१ फागुन ३ गते (15th Feb. 2025) मा हुनेछ ।


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Kapeel Manpower Pvt. Ltd.
श्रम ईजाजत नं. १८५/०५७/०५८
Kupandole, Lalitpur, Nepal, Tel: 01-5451901, Mobile: 9851324457, 9823299605
E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np

प्रभाव दैनिक

रूपशाला




## हरिवंशको भूठानले पायो हलिउड वितरक

हरिवंश आचार्यको मुख्य भूमिका रहेको 'भूठान'लाई अमेरिका र क्यानडामा हलिउडको डिष्ट्रिब्यूटर कम्पनी 'बफेलो एट'ले वितरण गर्ने भएको छ। अमेरिकामै रहेका यसका एक निर्माता राजेन्द्र ठकुराठीका अनुसार फिल्म वितरका लागि डाइरेक्टर ज्याकब सिल्भेरासँग सम्झौता भएको हो। बफेलो एटले यसअघि अस्कर अवार्डमा गएको फिल्म विमेन अफ द आवर लगायत टेरिफाएर थ्रि, निकोलस केज अभिनीत फिल्म आर्केडियन, रोबर्ट डि निरो अभिनीत वास मि इन द रिभर पनि वितरण गरिसकेको छ।

शनिबार, २६ माघ २०८१ (Saturday, February 08, 2025)

# धोकेबाज शब्द सुन्दा आफैंलाई भनेझैं लाग्छ : एलिना



**काठमाडौं (प्रस)**– गायिका एलिना चौहानले आफूलाई धोकेबाज भनेर बोलाउन थालेको बताएकी छन्। शुक्रबार ह्ववाइट हाउस लिटरेचर फेस्टिभलमा प्रस्तुति दिनुअघि विद्यार्थी दर्शकले धोकेबाज गीत गाउन अनुरोध गर्दा उनले उक्त कुरा बताएकी हुन्।

'धोकेबाज मलाई भनेको कि गीत? अहिले त धोकेबाज शब्द सुन्दा पनि मलाई नै भनेको जस्तो लाग्छ,' उनले भनिन्। दर्शकले धोकेबाज गीत वान्समोरभन्दा धेरैको प्रेममा धोका भएको छ कि भन्दै प्रश्न गरेकी थिइन्। उनले यो पढ्ने बेला भएकाले प्रेममा नपर्न सुझाएकी थिइन्।

यस्तै उनले आफूलाई अहिलेको अवस्थामा धोकेबाज गीत धेरै गाउन मन नभएको बताइन्। 'भर्खर भर्खर ब्रेकअप भएको छ। यस्तो बेला धेरैपटक धोकेबाज गाउनु हुँदैन। मलाई धोकेबाज धेरै गाउने मुड छैन,' उनले भनिन्। त्यसपछि उनले के माया लाउछ र गीत गाएकी थिइन्।

यसका साथै उनले तिम्रो मायाले बाँधेर राख, धोकेबाज हौं तिमि, कट्टा हान्दिन्छु, रक्सी चुरोट छाड्न पाउन्नौं, दुश्मन हेरेको हेरेई, मिनरल वाटरलगायत आधिदर्जन गीत गाएकी थिइन्। गायिका चौहानले काठमाडौं जिल्ला अदालतमा पति विष्णु सापकोटाविरुद्ध गत शुक्रबार सम्बन्ध विच्छेदको मुद्दा दायर गरेकी छन्।

# कथा हिरो भएको समय...

■ प्रभाव संवाददाता

**काठमाडौं** – नायिका रेखा थापाले पर्दामा देखिनु मात्र हिरोइजम नहुने बताएकी छन्। शुक्रबार ह्ववाइट हाउस लिटरेचर फेस्टिभलमा हिजोका हिरो, आजका हिरो सेसनमा आफ्नो धारणा राख्दै उनले यस्तो बताएकी हुन्।

'पर्दामा देखिनु मात्र हिरोइजम होइन। हिरोले समाजमा आशा लेखाउँछ। हिरोले समाजिक रूपमान्तरणमा कति काम गऱ्यो भन्ने पनि हेरिनुपर्छ,' उनले भनिन्। हिरो कुनै समयको नभएर सधैंका लागि हुने र त्यो योगदानले मात्र सम्भव भएको उनले बताइन्।

उनले पुरुष प्रधान फिल्म बनिरहेको अवस्थामा आफूले हिम्मत गरेर आफैं चलचित्र निर्माण गर्ने हिम्मत जुटाएको बताएकी छन्। नायिका थापाले अहिलेको समय फिल्ममा व्यक्ति नभइ कथा हिरो भइरहेको बताएकी छन्।

'पहिले लिड रोलमा काम गर्नेलाई मात्रै हिरो भनिन्थ्यो। अहिले परिभाषा बदलिएको छ। अहिले चरित्र हो, यो कथा हिरो भइरहेको समय हो। अब हिरो हिरोइन विस्तापित भएको जस्तो लाग्छ,' उनले भनिन्।

पछिल्लो समय समाजको हिरोलाई हेर्ने दृष्टिकोण फरक भएको उनले बताइन्। भूकम्पको समयमा आफू डराउँदा मानिसले हिरोलाई पनि डर लाग्छ र भनेर प्रश्न गर्दा यस्तो परिस्थितिमा पनि आफूहरूले जोगिएर संरक्षणात्मक भूमिका निर्वाह गर्नुपर्ने उनले बताइन्। थापाले पछिल्लो समय नेपाली फिल्म हेर्ने पुस्ता घट्दै गएको बताइन्। उनले नेपाली फिल्मलाई माया गर्न आग्रहसमेत गरेकी छन्। उनले नयाँ पुस्तालाई संरक्षण गर्न आग्रहसमेत गरेकी छन्।

यस्तै नायक नाजिर हुसेनले सामान्य मान्छेमा सहयोगी भाव भए समाजका लागि त्यो नै हिरो हुने बताएका छन्। बाटो काट्दै गरेकी वृद्ध आमालाई बाटो काट्न सघाउने मानिस नै उहाँका लागि हिरो हो। त्यसैले कलाकारले पनि समाजिक क्षेत्रमा काम गर्नुपर्ने उनले बताए।

# उपाधि भिडन्तमा ५० मोडल



■ प्रभाव संवाददाता

**काठमाडौं** – 'जोय मोडल हन्ट नेपाल २०२५'को अन्तिम शनिबार प्रतिस्पर्धा शनिबार आयोजना हुँदैछ। होटल याक एण्ड यतिमा आयोजना हुने प्रतिस्पर्धा ५० प्रतियोगी उपाधिका लागि भिड्दैछन्। प्रतियोगीताको अन्तिम तयारी सकिएको आयोजक नेक्स्ट मोडल्स नेपालकी कार्यकारी निर्देशक यतना पाण्डेले जानकारी दिइन्।

प्रतियोगीतामा पुरुष तर्फका उपाधिका लागि १७ प्रतियोगी रहेका छन् भने महिला तर्फको उपाधिका लागि ३३ प्रतियोगी रहेका छन्। सबै प्रतियोगी छनौट चरणको बिभिन्न प्रतियोगीता पार गर्दै फाइलनमा पुगेका हुन्।

फाइनल प्रतियोगीताका लागि सबै प्रतियोगीले व्यक्तित्व विकास, शारीरिक बनावट, र्‍याम्प वाक, बडी ल्याङ्ग्वेज, फोटोसुट, एक्सप्रेसन बिभिन्न प्रशिक्षण समेत लिएका छन्।

उचित ज्ञानसहित देश तथा विदेशका प्लेटफर्ममा सजिलै अवसर पाउन सक्ने व्यवसाहिक मोडल उत्पादन गर्ने उद्देश्यले विगत ९ वर्षदेखि नियमित आयोजना हुँदै आएको प्रतियोगितामा पछिल्लो समय युवायुवतीको आकर्षण समेत बढ्दो रहेको छ।

प्रतियोगीताले मोडलिङ गर्न चाहनेका लागि उचित अवसर र प्लेटफर्मको सृजना गर्ने आयोजक संस्थाका नेक्स्ट मोडल्स नेपालका अध्यक्ष रवि धमालाले बताए। उनले प्रतियोगीताको फाइनल एक भव्य कार्यक्रम सहित आयोजना हुने र जसमा थुप्रै चर्चित व्यक्तिहरूको समेत सहभागीता रहने जानकारी दिए।

## रंगशाला

### त्रिकोणात्मक महिला क्रिकेट

# थाइल्याण्डलाई उपाधि



■ प्रभाव संवाददाता

**काठमाडौं** – महिला टी-ट्वान्टी श्रृंखलाको थाइल्याण्डले जितेको छ। अन्तिम खेलमा नेपाललाई सात विकेटले पराजित गरेसँगै थाइल्याण्डले उपाधि चुमेको हो।

थाइल्याण्ड श्रृंखलामा खेलेका ६ खेलमध्ये पाँचमा जित तथा एकमा हार बेहोर्दै १० अंकका साथ शीर्ष स्थानमा रह्यो। यस्तै नेदरल्याण्ड्स ६ खेलमा चारमा जित तथा दुईमा हार बेहोर्दै आठ अंकका साथ दोस्रो स्थानमा रह्यो। नेपाल भने प्रतियोगितामा अंकबिहीन रह्यो। नेपाल आफ्ना सबै ६ खेलमा पराजित रह्यो।

नेपालले आफ्नो अन्तिम खेलमा थाइल्याण्डलाई जितका लागि ८२ रनको लक्ष्य दिएको थियो। कीर्तिपरस्थित त्रिवि क्रिकेट मैदानमा नेपाली टोलीकी कप्तान इन्दु बर्माले टस जितरे पहिला ब्याटिङ रोजेकी थिइन्। नेपालले निर्धाति २० ओभरमा सात विकेट गुमाएर ८१ रन बनायो। नेपालका लागि सम्झना खड्काले १७, कविता जोशीले १४, राजमती ऐरीले अविजित ११ तथा कप्तान इन्दु बर्माले १० रन बनाइन्।

बलिङतर्फ थाइल्याण्डकी ओनिचा कामचोम्फुले तीन तथा चानिदा सुत्थीरुआंग, नाट्टाया बुचाथम र सुलेपोर्न लाओमीले समान एक एक विकेट लिइन्।

बयासी रनको विजयी लक्ष्य थाइल्याण्डले १७ ओभरमा तीन विकेट गुमाएर पूरा गऱ्यो। थाइल्याण्डका लागि कप्तान नारुइमोल चाइवाईले अविजित २७, नान्नापत खोन्चरोएन्कले २३ तथा नाट्टाया बुचाथमले ११ रन बनाइन्। बलिङतर्फ नेपालका लागि कप्तान इन्दु बर्माले दुई तथा पुजा महतोले एक विकेट लिइन्। नेपाल यसअघि नेदरल्याण्ड्ससँग २० रन, १५ रन र १० विकेटले तथा थाइल्याण्डसँग चार विकेट र पाँच रनले पराजित भएको थियो।

### अर्जुन ट्रफी क्रिकेट

# आजदेखि सेमिफाइनलका खेल सुरू हुँदै

■ प्रभाव संवाददाता

**फाप्ला (कैलाली)** – यहाँको धनगढीमा जारी अर्जुन ट्रफी राष्ट्रिय क्रिकेट प्रतियोगिताको सेमिफाइनल पुग्ने सबै टोलीको टुङ्गो लागेको छ। समूह चरणको अन्तिम खेलमा सीवाइसी अत्तरियाले न्यू होराइजन बुटवललाई पराजित गरेसँगै अन्तिम चारमा पुग्ने टोलीको टुङ्गो लागेको हो। खेलमा पराजित भए पनि बुटवल समान दुई अंक रहेका बैतडी र काठमाडौंलाई रनरेटमा पछाडि पार्दै अन्तिम चारमा पुगेको छ।

यसअघि नै अत्तरिया, फ्रेन्ड्स युथ क्लब डडेल्धुरा र डीसीए धनगढी अन्तिम चारमा पुगिसकेका थिए। अब सेमिफाइनलमा समूह 'ए' को विजेता डडेल्धुराले समूह 'बी' को उपविजेता बुटवलसँग शनिबार खेल्ने छ। त्यसैगरी समूह 'ए' को उपविजेता धनगढीले समूह 'बी' को विजेता अत्तरियासँग आइतबार खेल्ने छ।




समूह चरणको अन्तिम खेलमा अत्तरियाले बुटवललाई ७८ रनको फराकिलो अन्तरले पराजित गऱ्यो। एक सय ८९ रनको लक्ष्यसहित मैदान उत्रिएको बुटवलले २० ओभरमा आठ विकेट गुमाउँदै एक सय १० रन मात्रै बनाउन सक्यो। उसका लागि प्रतीक श्रेष्ठले १८, तुलबहादुर थापाले १७ र वीर मगरले १५ रन जोडे। अत्तरियाका राशिद खान, विवेक यादव र सहाव आलमले समान दुई-दुई विकेट लिए। कमल गुप्ता र दिपेश कँडेलले एक-एक विकेट लिए।

त्यसअघि फाप्ला मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको अत्तरियाले २० ओभरमा पाँच विकेट गुमाउँदै एक सय ८८ रन बनाएको थियो। अत्तरियाका भीम सार्की र विवेक यादवले अर्धशतकीय पारी खेले। सार्कीले ३९ बलमा ५८ तथा यादवले ३८ बलमा ५१ रन बनाए। यादव खेलका म्यान अफ द म्याच भए। त्यसैगरी शंकर रानाले ३१ तथा कप्तान सन्तोष कार्कीले २३ रन जोडे। बुटवलका निर्मल गुरुङले दुई तथा वीर मगर, तुलबहादुर थापा र बिपर्सन केसीले एक-एक विकेट लिए।

गो ड्रिमर्सको आयोजना तथा नेपाल क्रिकेट सङ्घको वार्षिक क्यालेण्डरअनुसार भइरहेको प्रतियोगिता यही माघ २८ गतेसम्म सञ्चालन हुनेछ। प्रतियोगिताको विजेताले नगद रु १० लाख र उपविजेताले नगद रु पाँच लाखसहित ट्रफी पाउनेछन्। प्रतियोगिताको सर्वोकृष्ट खेलाडीलाई नगद रु एक लाख प्रदान गरिनेछ।

उत्कृष्ट ब्याट्सम्यान, उत्कृष्ट बलर र उदयमान खेलाडीले जनही रु ५०-५० हजार पाउनेछन्। प्रत्येक खेलका म्यान अफ द म्याचलाई रु नगद १० हजार प्रदान गरिने आयोजकले जनाएको छ।

# 'बी' डिभिजनको उद्घाटनमा च्यासल र वीरगञ्ज भिड्ने

■ प्रभाव संवाददाता

**काठमाडौं** – सहिद स्मारक 'बी' डिभिजन लिगको उद्घाटन खेलमा च्यासल युथ क्लब र वीरगञ्ज युनाइटेड भिड्ने भएका छन्।

अखिल नेपाल फुटबल संघ (एन्फा) ले शुक्रबार सार्वजनिक गरेको खेल तालिकाअनुसार पहिलो भेट यी दुई क्लबको हुने पक्का भएको हो।

यी दुईबीचको खेल फागुन २५ गते त्रिपुरेश्वरस्थित दशरथर रंगशालामा अपरान्ह ३:१५ बजे हुनेछ। वीरगञ्जले चार वर्षअघि भएको लिग नवौं स्थानमा रहँदै सक्काएको थियो। वीरगञ्जले १३ खेलमा चार जित, चार बराबरी र पाँच हारसहित १६ अंक जोडेको थियो। च्यासल भने सोही साल शीर्ष डिभिजनबाट घटुवा भएको हो।

च्यासलले शीर्ष डिभिजनका १३ खेलमा एक जित तीन बराबरी र नौ हारसहित ६ अंक मात्रै बटुलेको थियो। च्यासलसँगै बिग्रेट ब्वाइज क्लब पनि 'बी' डिभिजनमा घटुवा भएको थियो।

बिग्रेट ब्याइजले भने च्यासलले खेलेको भोलिपल्ट श्रीकुमार क्लबलाई चुनौती पेस गर्नेछ। उक्त खेल अपरान्ह ३:३० बजे सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा हुने तय छ।

'बी' डिभिजनमा च्यासल, वीरगञ्ज, बिग्रेट ब्वाइज र श्रीकुमारीसहित १४ क्लबको सहभागिता रहने छ। शीर्ष दुई टोली 'ए' डिभिजनमा बढुवा हुनेछन् भने पुछारका दुई टोली 'सी' डिभिजन घटुवा हुनेछ।

# ट्रम्पद्वारा अन्तर्राष्ट्रिय फौजदारी अदालतमाथि प्रतिबन्ध

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार अमेरिका र यसको सहयोगी इजरायललाई लक्षित गरेको 'अवैध र आधारहीन' अनुसन्धानका लागि अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी) माथि प्रतिबन्ध लगाएको ह्वाइट हाउसले जनाएको छ ।

मंगलबार अमेरिकी राष्ट्रपतिसँग वार्ता गरेका इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको गिरफ्तारी वारेन्ट जारी गरेर हेगको अदालतले 'आफ्नो शक्तिको दुरूपयोग' गरेको भन्दै ट्रम्पले कार्यकारी आदेशमा हस्ताक्षर गरे । उनले आइसिसी अधिकारी, कर्मचारी र उनीहरूका परिवारका सदस्यहरूका साथै अदालतको अनुसन्धानमा सहयोग गरेको मानिएका जोकोहीमाथि सम्पत्ति रोक्का र यात्रा प्रतिबन्ध लगाउने आदेश दिए ।

व्यक्तिहरूको नाम तत्काल सार्वजनिक गरिएन तर ट्रम्पअन्तर्गतका पहिलेका अमेरिकी प्रतिबन्धहरूले अदालतका अभियोजकलाई लक्षित गरेका थिए । अफगानिस्तानमा अमेरिकी सेनाका सदस्यहरू र गाजामा इजरायली सेनाहरूले गरेको कथित युद्ध अपराधको आइसिसीको अनुसन्धानलाई उल्लेख गर्दै ट्रम्पको आदेशले न्यायाधिकरणले 'अमेरिका र हाम्रो निकट सहयोगी इजरायललाई लक्षित गरी वैधानिक र आधारहीन कार्यहरू' गरेको बताएको छ । अमेरिका र इजरायल दुवै आइसिसीका सदस्य छैनन् । आइसिसीबाट तत्काल कुनै प्रतिक्रिया आएको छैन ।

तर अदालतको आयोजक देश नेदरल्यान्ड्सले ट्रम्पको प्रतिबन्ध आदेशप्रति 'खेद' व्यक्त गरेको छ । 'दण्डहीनताविरुद्धको लडाइँमा अदालतको काम आवश्यक छ,' डच विदेशमन्त्री क्यास्पर वेल्डक्याम्पले एक्समा भने । नेतन्याहुको ह्वाइट हाउसको भ्रमणपछि प्रतिबन्धहरू समर्थनको प्रदर्शन हुन् । भ्रमणका क्रममा ट्रम्पले संयुक्त राज्य अमेरिकाको गाजालाई 'कब्जा' गर्ने र प्यालेस्टिनीहरूलाई अन्य मध्य पूर्वी देशहरूमा सार्ने योजना सार्वजनिक गरे । संयुक्त राष्ट्रसंघ र कानुनी विज्ञहरूले ट्रम्पको योजना अन्तर ाष्ट्रिय कानुनअन्तर्गत अवैध हुने बताएका छन् । आइसिसीको रोम कानुनअन्तर्गत जबरजस्ती विस्थापन पनि अपराध हो ।

### आपराधिक जिम्मेवारी

आइसिसीका अभियोजक करिम खानको अनुरोधपछि न्यायाधीशहरूले नोभेम्बर २१ मा नेतन्याहु, उनका पूर्वरक्षामन्त्री योव गालान्ट र हमासका सैन्य प्रमुख मोहम्मद देइफका लागि गिरफ्तारी वारेन्ट जारी गरेका थिए । मोहम्मद देइफलाई इजरायलले मृत भनेको छ ।

अदालतले गाजा युद्धको समयमा युद्धको रूपमा भोकमरीको युद्ध अपराधका साथै हत्या, उत्पीडन र अन्य अमानवीय कार्यहरू जस्ता मानवताविरुद्धको अपराधका लागि नेतन्याहु र गालान्टले 'आपराधिक जिम्मेवारी' लिएका थिए भन्ने विश्वास गर्न 'उचित आधार' फेला पारेको बताएको छ ।

नेतन्याहुले अदालतमाथि यहुदी-विरोधी भएको आरोप लगाएको छ । आफ्नो पहिलो कार्यकालमा ट्रम्पले सन् २०२० मा आइसिसीका तत्कालीन अभियोजक फातोउ बेन्सौडा र अन्य वरिष्ठ अधिकारी तथा कर्मचारीहरूमा वित्तीय प्रतिबन्ध र भिसा प्रतिबन्ध लगाएको थियो । गाम्बियामा जन्मिएका बेन्सौडाले अफगानिस्तानमा अमेरिकी सैनिकहरू विरुद्धको युद्ध अपराधको आरोपबारे अनुसन्धान सुरु गरेपछि ट्रम्पको तत्कालीन प्रशासनले यसलाई 'कंगारू अदालत' भनेर वर्णन गर्दै उक्त कदम चालेको थियो ।

त्यस बेलाको उनको आदेशमा इजरायलको नाम नभए पनि ट्रम्प प्रशासनका अधिकारीहरूले बेन्सौडाले सन् २०१९ मा प्यालेस्टिनी क्षेत्रको स्थितिबारे अनुसन्धान सुरु गरेकोमा पनि रिसाएको बताएका थिए । राष्ट्रपति जो बाइडेनले सन् २०२१ मा पदभार सम्हालेपछि छिट्टै प्रतिबन्धहरू हटाएका थिए । अभियोजक खानले पछि अफगान अनुसन्धानबाट संयुक्त राज्य अमेरिकालाई प्रभावकारीरूपमा हटाए र त्यसको सट्टा तालिबानमा ध्यान केन्द्रित गरे । बाइडेनले नोभेम्बरमा नेतन्याहुविरुद्धको 'अपमानजनक' वारेन्टको कडा निन्दा गरेका थिए ।

अमेरिकी सदनले गत महिना आइसिसीलाई स्वीकृति दिन एउटा विधेयक पारित गरेको थियो तर सिनेटका डेमोक्रेटहरूले गत हप्ता यो विधेयकले अमेरिकी सहयोगी र कम्पनीहरूलाई प्रतिकूल असर गर्न सक्ने भन्दै यसलाई अवरुद्ध गरे । तर डेमोक्रेटहरूले नेतन्याहुमाथिको प्रतिबन्धप्रति पनि आक्रोश व्यक्त गरेका छन् । *रासस/एएफपी*

## आइसिसीद्वारा अमेरिकी प्रतिबन्धको निन्दा




**द हेग–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हेगमाथि प्रतिबन्ध लगाएपछि अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी)ले शुक्रबार जवाफी हमला गर्दै यसले विश्वभर 'न्याय र आशा' प्रदान गरिरहने प्रतिबद्धता जनाएको छ ।

'अमेरिकाले आफ्ना अधिकारीहरूमाथि प्रतिबन्ध लगाउने र स्वतन्त्र र निष्पक्ष न्यायिक कार्यलाई हानि पुऱ्याउने कार्यकारी आदेश जारी गरेकोमा आइसिसी भर्त्सना गर्दछ,' द हेगस्थित अदालतले जारी गरेको विज्ञप्तिमा भनिएको छ । 'अदालत आफ्ना कर्मचारीहरूको पक्षमा दृढतापूर्वक उभिएको छ र विश्वभरका अत्याचारका लाखौं निर्दोष पीडितहरूलाई न्याय र आशा प्रदान गर्न जारी राख्ने प्रतिज्ञा गर्दछ,' अदालतले भनेको छ ।

'हामी हाम्रा १२५ राज्यपक्ष, नागरिक समाज र विश्वका सबै राष्ट्रलाई न्याय र मौलिक मानवअधिकारका लागि एकजुट हुन आह्वान गर्दछौं,' आइसिसीले जारी गरेको विज्ञप्तिमा भनिएको छ । अमेरिका र उसको सहयोगी इजरायललाई लक्षित गरी गरिएको 'नाजायज र आधारहीन' अनुसन्धानलाई लिएर आइसिसीको आलोचना गर्दै ट्रम्पले बिहीबार अदालतमाथि प्रतिबन्ध लगाएको थियो । उनले आइसिसीका पदाधिकारी, कर्मचारी र उनीहरूका परिवारका सदस्यका साथै अदालतको अनुसन्धानमा सहयोग पुऱ्याएका जोकोहीलाई पनि सम्पत्ति रोक्का गर्न र यात्रा प्रतिबन्ध लगाउन आदेश दिएका थिए ।

ती व्यक्तिहरूको नाम तत्काल सार्वजनिक गरिएको छैन तर ट्रम्पको नेतृत्वमा भएका यसअघिका अमेरिकी प्रतिबन्धहरूले अदालतका अभियोजकलाई लक्षित गरेको थियो । 'हामी हाम्रा १२५ राज्यपक्ष, नागरिक समाज र विश्वका सबै राष्ट्रलाई न्याय र मौलिक मानवअधिकारका लागि एकजुट हुन आह्वान गर्दछौं,' आइसिसीले जारी गरेको विज्ञप्तिमा भनिएको छ । *रासस/एएफपी*

# ट्रम्पलाई 'गोल्डेन पेजर' उपहार

**जेरुसेलम–** इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई ह्वाइट हाउसमा भएको भेटमा 'गोल्डेन पेजर' उपहार दिएका छन् । सन् २०२४ को सेप्टेम्बरमा इजरायलले लेबनानी इस्लामिक समूह हिजबुल्लाहविरुद्ध गरेको आक्रमणपछि हिज्बुल्लाहविरुद्धको युद्धको टर्निङ प्वाइन्टको प्रतीकका रूपमा यो उपहार प्रदान गरिएको नेतान्याहुको कार्यालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

'यो रणनीतिक अभियानले इजरायलको शक्ति, प्राविधिक श्रेष्ठता र आफ्ना शत्रुहरूविरुद्ध चातुर्य प्रदर्शन गर्दछ,' विज्ञप्तिमा भनिएको छ । लेबनानी अधिकारीहरूका अनुसार इजरायलले एकै दिन एकै चोटी 'पेजर आक्रमण' गरी हिजबुल्लाहलाई स्तब्ध बनाएको थियो । आक्रमणमा पेजर र वाकी-टकीमा विष्फोट हुँदा दर्जनौं लडाकु मारिएका थिए र हजारौं घाइते भएका थिए । गत सेप्टेम्बरको अन्त्यतिर इजरायलले हिजबुल्लाहलाई सीमाबाट पछाडि धकेल्ने उद्देश्यले दक्षिणी लेबनानमा स्थलआक्रमण सुरु गरेको थियो ।





एक वर्षभन्दा बढी समयदेखिको इजरायली बमबारी र दक्षिणी लेबनानमा आक्रमणमा परिणत युद्धको अन्त्य गर्दै नोभेम्बरको अन्त्यमा इजरायल र हिजबुल्लाह युद्धविराम गर्न सहमत भए । यद्यपि, इजरायली सेना अझै पनि छिमेकी देशका केही भागमा सक्रिय छन् । युद्धविराम लागू गर्न तीन महिनाको समयावधि जनवरी २६ मा समाप्त भएको तर इजरायली सेनाले दक्षिणी लेबनानबाट आफ्नो सेना फिर्ता गर्ने समयसीमामा सेना फिर्ता गरेको छैन ।

इजरायलले लेबनानी सेनाले सम्झौतालाई अक्षरशः पालना नगरेको तर्क गर्दै प्रारम्भिक समयसीमा पूरा गर्ने आफ्नो कुनै मनशाय नरहेको स्पष्ट पारेको थियो । उसले त्यहाँ यदाकदा हवाई आक्रमण पनि जारी राखेको छ र अब फेब्रुअरी १८ सम्म सेना फिर्ता गर्ने मिति तोकिएको छ । *रासस/एएफपी*

# चीनद्वारा ल्याटिन अमेरिकामा अमेरिकाको 'शीतयुद्ध मानसिकता' को आलोचना

**बेइजिङ–** चीनले शुक्रबार ल्याटिन अमेरिकामा संयुक्त राज्य अमेरिकाको 'शीतयुद्ध मानसिकता' को निन्दा गर्दै यस क्षेत्रको भ्रमणका क्रममा विदेशमन्त्री मार्को रुबियोको टिप्पणीमाथि गुनासो गरेको बताएको छ । नोभेम्बरमा अमेरिकी चुनाव जितेपछि राष्ट्रपति डोनाल्ड ट्रम्पले एक शताब्दीअघि वासिङ्टनले निर्माण गरेको र पछि पनामालाई हस्तान्तरण गरिएको पनामा नहर कब्जा गर्न बल प्रयोग गर्ने सम्भावनालाई अस्वीकार गरेका छैनन् ।



क्यारेबियन सागर र प्रशान्त महासागरलाई जोड्ने यो साँघुरो जलमार्गबाट अमेरिकी कन्टेनर यातायातको करिब ४० प्रतिशत गुज्रन्छ । शुल्क भुक्तानीबाहेक वासिङ्टन मुख्यतया विश्व समुद्री व्यापारको पाँच प्रतिशत सम्हाल्ने ८० किलोमिटर (५० माइल) लामो नहरमा चिनियाँ लगानीबारे चिन्तित देखिएको छ ।

पनामा नहरलाई लिएर पछिल्लो विवाद रुबियोको मध्य अमेरिकाको एक हप्ता लामो भ्रमणको अन्त्यमा आएको हो । अमेरिकी शीर्ष कूटनीतिज्ञका रूपमा उनको पहिलो पनामा भ्रमण हो । उनले नहरमा चिनियाँ प्रभाव कम गर्न तत्काल परिवर्तन नगरेसम्म पनामाविरुद्ध कारबाही गर्ने धम्की दिएका थिए ।

बेइजिङले शुक्रबार रुबियोको टिप्पणीले 'चीनलाई अन्यायपूर्ण रूपमा आरोप लगाएको' र 'जानाजानी चीन र सन्बन्धित ल्याटिन अमेरिकी देशहरूबीच विवाद सिर्जना गरेको' बताएको छ । 'चीनले अमेरिकी पक्षसमक्ष गम्भीर प्रतिनिधित्व दर्ता गराएको छ,' एक अज्ञात प्रवक्ताले भने ।

पनामाका राष्ट्रपति जोस राउल मुलिनोले बिहीबार पनामाले बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) पूर्वाधार कार्यक्रमबाट बाहिरिएको पुष्टि गरेका छन् । रुबियोले त्यो प्रतिबद्धतालाई द्विपक्षीय सम्बन्धका लागि 'ठूलो कदम' भनी स्वागत गरे । जवाफमा बेइजिङले 'बेल्ट एन्ड रोड सहयोगलाई बदनाम गर्न र कमजोर पार्न अमेरिकाले दबाब र जबरजस्ती प्रयोग गर्ने कुराको दृढतापूर्वक विरोध गर्छ' भनेको छ ।

'यसका उपलब्धिहरूले पनामाजस्ता देशहरूका जनतालाई फाइदा पुऱ्याएका छन्,' विदेश मन्त्रालयका प्रवक्ता लिनले एक ब्रिफिङमा भने । बिआरआई एक विशाल पूर्वाधार परियोजना हो । यो चिनियाँ राष्ट्रपति सी चिनफिङको आफ्नो देशको विदेशी प्रभाव विस्तार गर्ने प्रयासको केन्द्रीय स्तम्भ हो ।

पश्चिमी आलोचकहरूले चीनमाथि बिआरआई प्रयोग गरेर विकासशील राष्ट्रहरूलाई असम्भव ऋणमा फसाएर उनीहरूमाथि कूटनीतिक प्रभाव जमाउन वा उनीहरूको सम्पत्ति कब्जा गर्न खोजेको आरोप लगाउँदै आएका छन् । बेइजिङले शुक्रबार 'नहरमाथि पनामाको सार्वभौमिकताको समर्थन गर्छौं' भनी जोड दिएको छ । 'अमेरिकी पक्षको सम्बन्धित सहयोगमा आक्रमण र हस्तक्षेपले एकपटक फेरि यसको प्रभुत्वशाली प्रकृति उजागर गरेको छ,' विदेश मन्त्रालयले भन्यो । *रासस/एएफपी*

# भारतमा ४२ करोड तीर्थयात्रीद्वारा हिन्दू मेगा–महोत्सवको भ्रमण

**नयाँदिल्ली–** भारत सरकारले शुक्रबार विश्वको सबैभन्दा ठूलो धार्मिक उत्सवमा ४२ करोडभन्दा बढी तीर्थयात्रीले धार्मिक स्नान गरेको बताएको छ । आयोजक अधिकारीहरूले कृत्रिम बौद्धिकता (एआई) र निगरानी क्यामरा प्रयोग गरेर गणना गरिएको अनुमान गरेका छन् ।

संयुक्त राज्य अमेरिका र क्यानाडाको जनसंख्याभन्दा बढी यो अचम्मको संख्याको स्वतन्त्ररूपमा पुष्टि गर्न सम्भव छैन । यो एक अर्ब ४० करोड जनसंख्या भएको विश्वको सबैभन्दा धेरै जनसंख्या भएको राष्ट्रका लागि पनि आश्चर्यजनक तथ्यांक हो । 'त्रिवेणी संगममा ४२ करोडभन्दा बढी भक्तजनले डुबुल्की लगाए,' गंगा, यमुना र पौराणिक सरस्वती नदीहरूको संगमलाई उल्लेख गर्दै सरकारको प्रेस सूचना ब्युरोले भन्यो ।



उत्तरी सहर प्रयागराजमा प्रत्येक १२ वर्षमा आयोजना हुने प्रार्थना र स्नानको छ हप्ता लामो हिन्दू उत्सव कुम्भ मेला अझै दुई हप्ताभन्दा बढी समय बाँकी छ । यो जुन फेब्रुअरी २६ मा समाप्त हुँदै छ । भारतमा धर्म र राजनीति गहिरो रूपमा जोडिएका छन् । आलोचकहरूले यो उत्सवलाई हिन्दू राष्ट्रवादी प्रधानमन्त्री नरेन्द्र मोदीको साख बढाउन प्रवर्द्धन गरिएको बताउँछन् । प्रधानमन्त्री मोदीले आफैं बुधबार पवित्र स्नान गरे । मोदीका निकट सहयोगी एवं भारतीय जनता पार्टी (भाजपा)कै आक्रामक साधु योगी आदित्यनाथ उत्तर प्रदेशका मुख्यमन्त्री छन् र उत्तर प्रदेशमै यो उत्सव भइरहेको छ ।

आयोजकहरूले क्यामराहरूको नेटवर्क र माथिबाट उड्ने ड्रोनहरू प्रयोग गरिरहेको बताएका छन् । एआई प्रणालीहरूले भक्तजनहरूको संख्या गणना गर्न र भीड व्यवस्थापन गर्न डेटा प्रशोधन गरिरहेका छन् । तर त्यसले जनवरी २९ मा भएको घातक भागदौडलाई रोक्न सकेन । उक्त भागदौडमा कम्तीमा ३० जनाको मृत्यु भयो र ९० अन्य घाइते भए ।

मृत्यु घटनाले आदित्यनाथ र उनको सरकारको कार्यक्रम उत्कृष्ट व्यवस्थापनको दाबीमाथि धब्बा लगायो । घटनास्थलको ग्राफिक टेलिभिजन फुटेजका बावजुद अधिकारीहरूले घन्टौंसम्म कोही पनि गम्भीररूपमा घाइते नभएको जिकिर गरे । यो उत्सव अमृतको कलश नियन्त्रणका लागि देवता र दानवहरूबीचको युद्धसम्बन्धी हिन्दू पौराणिक कथामा आधारित छ । तीर्थयात्रीहरू पवित्र स्नानले उनीहरूलाई मोक्ष प्राप्त गर्न मद्दत गर्ने विश्वास गर्छन् । *रासस/एएफपी*


**युएइमा रोजगार** — कम्पनी : ALMUREEB CARPENTRY & INSULATION CONTRACTING LLC.

पूर्व स्वीकृति मिति : २०८१/१०/२४ | LT. No. 318384 | चलानी नं. ६०२३२५७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason / Mason | 2 | 0 | 1200 | ४५,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | 1200 | ४५,६६५ | | | | | | | |
| 3 | Painter | 3 | 0 | 1200 | ४५,६६५ | | | | | | | |
| 4 | Plaster | 5 | 0 | 1200 | ४५,६६५ | | | | | | | |
| 5 | Plumber | 3 | 0 | 1200 | ४५,६६५ | | | | | | | |
| 6 | Steal Fixer | 5 | 0 | 1200 | ४५,६६५ | | | | | | | |
| 7 | Tile Layer. | 5 | 0 | 1200 | ४५,६६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २ गते (14th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | नि:शुल्क | रु.७००/– कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 318384 मिति: २०८१/१०/२५ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**Best H. R. Solutions Pvt. Ltd.**
Tokha-7, Basundhara Kathmandu, Nepal, Tel :+977-1-4989446, 4957800, Mobile: (Gopal: 9851052872, Shiva: 9841357054, 9803861805, 9860206621, 9856062051, 9848058194), Email: besthrsolutionpvtltd@gmail.com
श्रम इजाजत नं. ११९०/०७३/०७४

**साउदीमा रोजगार** — कम्पनी : ABU AL NOUR RESTAURANT TO PROVIDE MEALS

पूर्व स्वीकृति मिति : २०८१/१०/२४ | LT. No. 318388 | चलानी नं. ६०२३२५८८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 5 | 0 | 1200 | ४४,७१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन ३ गते (15th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | १०,००० | रु.७००/– कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

**साउदीमा रोजगार** — कम्पनी : FAISAL ABDULLAH IBRAHIM AL SULAIMANI CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८१/१०/२४ | LT. No. 318389 | चलानी नं. ६०२३२५९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 3 | 0 | 2500 | ९३,१६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Drivers | 2 | 0 | 1800 | ६७,०७७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन ३ गते (15th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | १०,००० | रु.७००/– कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**BELIEVABLE OVERSEAS PVT.LTD.**
Mahaharajgunj, Sallaghari, Kathmandu, Nepal, Contact: 01-4378500 , 014017815, E-mail : believableoverseas@gmail.com
Govt. License No. 1283/074/75

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १६८१०० | प्रति तोला – ० | प्रति तोला – १९८५ |



**बेसीतिर भेडाच्यांग्रा** | जाडो छल्नका लागि बैंसी झारिएका भेडाच्याङग्रा गर्मी लाग्न थालेपछि लेकतिर लैजाँदै । कात्तिक महिनाबाट बैंसीतिर झारिएका गोठहरू माघको दोस्रो, तेस्रो हप्ताबाट लेकतिर लैजाने चलन रहेको छ । *तस्बिरः नवीन लामिछाने/रासस*

## 'उद्योगसम्बन्धी नीतिगत सुधार गर्न सरकार प्रतिबद्ध'

■ प्रभाव संवाददाता

**लुम्बिनी–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले उद्योगसम्बन्धी नीतिगत सुधार गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन्। उनले सरकारले उद्योगमैत्री नीति बनाउने उल्लेख गर्दै आगामी बजेट उद्योगीको हकहितमा विनियोजन गर्ने प्रतिबद्धता व्यक्त गरे।

(बर्दघाट सुस्ता पश्चिम) जिल्लास्थित दुई मेगावाट क्षमताको सोलार प्लान्टको आज उद्घाटन गर्दै मन्त्री भण्डारीले वर्तमान सरकार देशको आर्थिक विकासमा टेवा पुऱ्याउन औद्योगिक क्षेत्रको विकास र स्वदेशमा रोजगार सिर्जना गर्न नीतिगत सुधारमा लागेको बताए । स्वच्छ र नवीकरणीय ऊर्जाको प्रवर्द्धन तथा विकास गर्न सरकार कटिबद्ध रहेको उनले बताए । मन्त्री भण्डारीले यसले स्वदेशी उत्पादनमा जोड दिनुका साथै ऊर्जा आत्मनिर्भरता हासिल गर्ने दिशामा महत्वपूर्ण कोसेढुङ्गा सावित हुने बताए ।



मन्त्री भण्डारीले परासीस्थित समृद्धि स्टिल उद्योग र लक्ष्मी हुन्डाइ एसेम्बलिङ्ग प्लान्टको अवलोकन गरे । उद्योग अवलोकनका क्रममा उनले उद्योग क्षेत्रको सम्भाव्यता, उत्पादनशीलता र रोजगारी सिर्जनासम्बन्धी प्रत्यक्ष जानकारी लिए । उनले औद्योगिकीकरणलाई तीव्रता दिन आवश्यक नीतिगत सुधार तथा पूर्वाधार निर्माणका विषयमा उद्योगपतिसँग छलफल समेत गरे ।

यसैगरी मन्त्री भण्डारीले स्वदेशमै सवारीसाधन एसेम्बल गरी आयात प्रतिस्थापन गर्नुपर्नेमा जोड दिए । उनले नेपालमा सवारीसाधन निर्माण तथा एसेम्बलिङ उद्योगको विस्तारले मुलुकको औद्योगिक विकासलाई थप गति दिने विश्वास व्यक्त गरे ।

## बूढीगण्डकीमा वाणिज्य बैंकले लगानी गर्ने

■ प्रभाव संवाददाता

**काठमाडौं** –गोरखा जिल्लाको धार्चे गाउँपालिका-४ लाप्राकमा निर्माण हुने ४.६ मेगावाट क्षमताको सुपर माछ्रा खोला जलविद्युत् आयोजनालाई राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले लगानी गर्ने गरी ऋण सम्झौता भएको छ ।

उक्त आयोजनामा लगानी सम्बन्धी सम्झौतामा बिहिवार बूढीगण्डकी हाइड्रोपावर प्रालिको तर्फबाट अध्यक्ष खगेन्द्र न्यौपाने र बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत देवेन्द्र रमण खनालले हस्ताक्षर गरेका हुन् । कुल ९६ करोड ३८ लाख ३० हजार रूपैयाँ लागत अनुमान गरिएको आयोजनामा ७० प्रतिशत ऋण र ३० प्रतिशत स्वपूँजी लगानी हुनेछ ।

प्रबर्दक कम्पनीका अनुसार ऋण लगानीतर्फ राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले ६७ करोड ४६ लाख ८० हजार रूपैयाँ लगानी गर्नेछ भने बाँकी २८ करोड ९१ लाख ५० हजार रूपैयाँ स्वपूँजी लगानी हुनेछ । आयोजनाबाट वार्षिक २७.३७९ गिगावाट आवर विद्युत् उत्पादन हुनेछ । वर्षामा १८.६२१ गिगावाट आवर र हिउँदमा ८.७५ गिगावाट आवर बिजुली उत्पादन हुनेछ ।

कम्पनीका अध्यक्ष खगेन्द्र न्यौपाने, प्रबन्ध निर्देशक कृष्णप्रसाद घिमिरे, निर्देशक सरोज धिताल, जोन घले, ईन्द्र बहादुर ढकाल, र बिनोद थापासहितको अनुभवी समूहले आयोजना निर्माण गर्न लागेका हुन् । यो समूहले यसअघि सोही क्षेत्रमा नै तोकिएको अवधिभन्दा ६ महिना अघि ४.५५ मेगावाट क्षमताको विकास हाइड्रोपावर जलविद्युत आयोजना निर्माण गरी सञ्चालनमा ल्याईसकेको छ साथै कम्पनिको प्राथमिक शेयर निष्काशन (आईपीओ) ६ महिनाभित्रमा जारी हुने प्रक्रियामा समेत रहेको छ ।

हाईड्रोपावरमा अनुभव बटुलिसकेका यो समूहले यस बूढीगण्डकी हाईड्रोपावर आगामी १८ महिना भित्र सञ्चालनमा ल्याउने जनाएको छ । आयोजनाको नेपाल विद्युत् प्राधिकरणसँग २०८० असार २१ मा विद्युत् खरिद बिक्री सम्बन्धी सम्झौता (पीपीए) भएको थियो । साथै आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गरिसकेको कम्पनीले जनाएको छ ।

आयोजनाको प्रसारण लाइनलाई विकास हाइड्रोपावरमा स्विचिङ गरी धादिङको सल्यानटार सब-स्टेसनमा जोडिने छ । आयोजनाले अबको ६ महिनामा नै कम्पनीलाई पब्लिक लिमिटेड गरी प्राथमिक शेयर (आईपीओ) मा गई छिट्टै सर्वसाधारणको लागि शेयर जारी गर्ने तयारी समेत गरेको जनाइएको छ । यसअघि निर्माण सम्पन्न गरि सफलतापुर्वक बिकास हाईड्रोलाई राष्ट्रिय प्रशारण लाईनमा जोड्न सफल भएको टिम र टिममा अध्यक्ष रहेका एनआरएनए आईसिसी उपाध्यक्ष खगेन्द्र न्यौपानेको टिमले सफल हाईड्रो डेप्लपर्सको रूपमा समेत ख्याति कमाईसकेका छन् । आयोजनालाई सफलतापुर्वक सम्पन्न गर्न र यसै वर्ष शुरू गर्ने गरी थप २४ मेगावाट क्षमताको साङ्गीला हाईड्रोपावर बनाउने कम्पनीले जनाएको हाइड्रोपावारका प्रबन्ध निर्देशक कृष्ण प्रसाद घिमिरेले जारी गरेको बिज्ञप्तीमा उल्लेख गरिएको छ । कार्यक्रममा रास्ट्रीय बाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्र रमण खनालले यो टिमले बिकास हाइड्रोपावर समयमै निर्माण गरेर मन जितेकाले आफुहरूले अर्को प्रोजेक्टमा पनि लगानी गरेको बताए । बिकास हाईड्रोको सफलतापछि बुढिगण्डकी हाईड्रोपावर र साङ्गीला हाईड्रोपावर शुरु गरेको यो टिमले समयमानै हाईड्रो सम्पन्न गर्ने बताएको छ ।

गोरखा जिल्लाको धार्चे गाउपालिकामा निर्माण शुरु गरिएको यस आयोजनाको नेतृत्व गैर आवासीय नेपाली संघ एनआरएनए आईसिसिका उपाध्यक्ष एबं सफल ब्यबसायी खगेन्द्र न्यौपानेले गरेका छन । यही टिमले यस अघि सोहि क्षेत्रमा बिकाश हाईड्रो पावरको विद्युत् प्राधिकरणले दिएको समयभन्दा पहिला नै सफलतापूर्वक सम्पन्न गरिसकेको छ ।

बिकाश हाईड्रो पावरलाई सफलतापूर्वक सम्पन्न गरेपछि देश बिकाशमा सानो भने पनि थप योगदान गर्न सुपर माछ्राखोला जलविद्युत आयोजना ४.६ मेघावाट र साङ्गीला हाईड्रोपावर २४ मेघावाट शुरु गरेको अध्यक्ष खगेन्द्र न्यौपानेले बताए । मलेसियाका अत्यन्तै सफल ब्याबसायी न्यौपानेले देश बिकाशको महत्वपुर्ण आधार जलस्रोत,जंगल र जमिन नै भएको जनाउदै गैरआवासीय नेपालीको पनि देश बिकाशमा ठुलो योगदान रहेको बताए । उनले आफूले अघिल्लो बिकास हाईड्रोजस्तै अन्य २ हाईड्रोलाई पनि समय सिमा भन्दा पहिले नै सम्पन्न गरेर लगानीकर्ताहरूको मन जित्ने बताए । यस्तै अर्का संचालक कृष्ण घिमिरेले बिकास हाईड्रोलाई जस्तै अन्य प्रोजेक्टलाई माया गरिदिन सबैलाई आग्रह गरे । घिमिरेले आफूहरूले छिट्टै थप अन्य हाईड्रो पनि निर्माण गर्ने बताए ।

## बिमस्टेक टुर अपरेटरको तेस्रो नेटवर्क बैठक काठमाडौंमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** बिमस्टेक नेटवर्क अफ टुर अपरेटर्सको तेस्रो बैठक काठमाडौंमा सम्पन्न भएको छ। बिमस्टेक सदस्य राष्ट्रहरू - बंगलादेश, भुटान, भारत, म्यानमार, श्रीलंका, थाइल्याण्ड, र नेपालका पर्यटन सम्बन्धित निकायहरू तथा निजी क्षेत्रका सरोकारवालाहरूलाई एकै स्थानमा समेट्दै, यो बैठकले क्षेत्रीय पर्यटन प्रवर्द्धन र सहकार्यलाई थप सुदृढ पार्ने लक्ष्य राखेको छ। यस बैठकलाई नेपाल पर्यटन बोर्डले सहजीकरण तथा समन्वय गरिरहेको छ।

बैठकको उद्घाटन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव विनोद प्रकाश सिंह तथा बिमस्टेकका निर्देशक सी थु आङले संयुक्त रूपमा गरे । सचिव सिंहले नेपालको दिगो पर्यटन प्रवर्द्धन तथा प्राकृतिक एवं सांस्कृतिक सम्पदाको संरक्षणप्रति प्रतिबद्धता व्यक्त गर्दै, बिमस्टेकले क्षेत्रीय पर्यटन सहकार्यलाई नयाँ उचाइमा पुऱ्याउने अवसर प्रदान गर्ने उल्लेख गरे । उनले सीमापार पर्यटन प्रवर्द्धन तथा साझा सम्पदाको अधिकतम उपयोग बिमस्टेक सदस्य राष्ट्रहरूका लागि लाभदायक हुने बताए ।

बिमस्टेकका निर्देशक सी थु आङले पर्यटनलाई क्षेत्रको प्रमुख आर्थिक क्षेत्रका रूपमा परिभाषित गर्दै, सहकार्यद्वारा यस क्षेत्रका पर्यटन सम्भावनाहरूको सदुपयोग गर्न सकिने बताए । उनले क्षेत्रीय सहकार्यले दीर्घकालीन साझेदारी निर्माण गर्नुका साथै रोजगारी, राजस्व वृद्धिमा योगदान पुऱ्याउने र जनता-जनताबीचको सम्बन्धलाई थप सशक्त बनाउने विश्वास व्यक्त गरे ।

नेपाल पर्यटन बोर्डका कार्यकारी प्रमुख दीपक राज जोशीले बैठकप्रति उत्साह व्यक्त गर्दै क्षेत्रीय पर्यटन प्रवर्द्धनमा नेपालको अग्रणी भूमिकालाई विशेष रूपमा उजागर गरे । उनले यस बैठकलाई सहकार्य र रणनीतिक योजना विकासको प्रमुख अवसरका रूपमा चित्रण गर्दै, नेपालले बिमस्टेक साझेदार राष्ट्रहरूसँग मिलेर पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्ने बताए । यस बैठकको निष्कर्षले सार्वजनिक-निजी साझेदारीलाई थप मजबुत बनाउँदै, पर्यटन व्यवस्थापनमा सुधार ल्याउने तथा बिमस्टेक क्षेत्रमा निर्बाध सम्पर्कलाई प्रवर्द्धन गर्ने अपेक्षा गरिएको छ। यसले क्षेत्रीय पर्यटन वृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ ।

## छ महिनामा ३६ प्रतिशतमात्रै खर्च

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्षको छ महिनामा रू छ खर्ब ६७ अर्ब ६० करोड ७८ लाख बजेट खर्च भएको छ । अर्थ मन्त्रालयले सार्वजनिक गरेको बजेटको अर्धवार्षिक मूल्यांकन प्रतिवेदनअनुसार आव २०८१/८२ मा रू १८ खर्ब ६० अर्ब ३० करोड ३० लाख बजेट विनियोजन भएकोमा २०८१ पुस मसान्तसम्म कूल विनियोजनको ३५ दशमलव ८९ प्रतिशत खर्च भएको छ ।

चालु आर्थिक वर्षको छ महिनासम्मको समग्र खर्च विगत वर्षको सोही अवधिको तुलनामा १७ दशमलव ६६ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा सरकारको स्रोततर्फ रू छ खर्ब १८ अर्ब ५१ करोड ४३ लाख खर्च भएको छ। जुन गत आर्थिक वर्षको खर्चको तुलनामा १५ दशमलव ८६ प्रतिशतले बढी हो । वैदेशिक अनुदानतर्फ रू सात अर्ब ७१ करोड ९२ लाख खर्च भई गत आर्थिक वर्षको तुलनामा ४३ दशमलव ७९ प्रतिशतले बढी खर्च भएको छ ।

चालु आर्थिक वर्षको पुस महिनासम्मको अवधिमा मन्त्रालय अन्तर्गतका आयोजनाको लागि रू एक खर्ब १ अर्ब ९६ करोड ५५ लाखको स्रोत सहमति प्रदान गरिएको छ ।

गत आर्थिक वर्षसम्मको सिर्जित दायित्व रू २८ अर्ब ५१ करोड ९० लाख भुक्तानी दिन बाँकी रहेकोमा समीक्षा अवधिसम्म रू २२ अर्ब २२ करोड ८९ लाख भुक्तानीका लागि स्रोत व्यवस्थापन गरिएको छ । बाँकी रकमको पनि स्रोत व्यवस्थापन गरी दायित्व भुक्तानी गर्न सहजीकरण गरिएको छ । अर्थ मन्त्रालयका अनुसार विभिन्न मन्त्रालयबाट अनुरोध भई आएका ६४ वटा ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्डमा राय तथा सहमति प्रदान गरिएको छ । बजेट प्रणालीलाई व्यवस्थित गर्न तथा सार्वजनिक खर्चमा एकरूपता कायम गर्नका लागि कार्य सञ्चालन निर्देशिका, २०८१ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णुप्रसाद पौडेलले जानकारी दिए ।

समीक्षा अवधिमा रू छ खर्ब ७२ अर्ब ८० करोड ९४ लाख राजस्व प्राप्तिको अनुमान रहेकोमा यस अवधिमा विविध प्राप्ति समेत गरी जम्मा रू पाँच खर्ब ६७ अर्ब ३९ करोड ७३ लाख संकलन भएको छ । यो रकम राजस्व प्राप्ति अर्धवार्षिक लक्ष्यको तुलनामा ८४ दशमलव ३३ प्रतिशत र गत आर्थिक वर्षको सोही अवधिसम्मको राजस्व संकलन रू पाँच खर्ब १५ अर्ब ३९ करोड ७६ लाखको तुलनामा करिव १० दशमलव शुन्य नौ प्रतिशतले अधिक छ ।

गत पुस मसान्तसम्म आन्तरिक ऋण प्राप्ति रू एक खर्ब ८१ अर्ब ५ करोड र आन्तरिक ऋणको साँवा भुक्तानी रू एक खर्ब २७ अर्ब २४ करोड भई खुद आन्तरिक ऋण परिचालन रू ५३ अर्ब ८१ करोड भएको छ। चालु आर्थिक वर्षमा सार्वजनिक ऋणको सावाँ व्याज भुक्तानीमा रू चार खर्ब दुई अर्ब ८५ करोड बजेट विनियोजन भएकोमा पुस मसान्तसम्म रू एक खर्ब ८२ अर्ब ४० करोड भुक्तानी भएको छ। जुन वार्षिक बजेट विनियोजनको तुलनामा ४५ दशमलव २८ प्रतिशत हो भने गत आवको कूल गार्हस्थ उत्पादनको तुलनामा कूल ऋण सेवा खर्च तीन दशमलव २० प्रतिशत हुन आउँछ ।

चालु आर्थिक वर्षमा रू दुई खर्ब ७० अर्ब विकास सहायता परिचालन गर्ने अनुमान गरिएकामा समीक्षा अवधिसम्म रू ४९ अर्ब ९ करोड ३५ लाख अर्थात् अनुमानको १८ दशमलव १८ प्रतिशत प्राप्त भएको छ । यस अवधिमा रू दुई खर्ब पाँच अर्ब बराबरको विकास सहायता प्रतिबद्धता प्राप्त भएको अर्थ मन्त्रालयले जनाएको छ ।

शुभकामना

INTREPID

वैदेशिक रोजगार व्यवसाय सञ्चालनका लागि इजाजत प्राप्त इन्टरपिड रिक्रयुमेन्ट सर्भिस प्रा.लि.ले पहिलो वर्ष पूरा गरी दोस्रो वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस संस्थाका सञ्चालक एवं सम्पूर्ण कर्मचारीहरूमा हार्दिक बधाई ज्ञापन गर्दै संस्थाको थप प्रगतिका लागि शुभकामना व्यक्त गर्दछौं ।

कृष्ण कार्की
प्रबन्ध निर्देशक
तथा
प्रभाव दैनिक परिवार

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ